# बित्थडचिर गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना (२०७७-२०८३)

# Water, Sanitation and Hygiene (WASH) Plan of Bithadchir (2020-2026)




## बित्थडचिर गाउँपालिका, बझाङ्ग

## २०७७

बित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैतडी, बझाङ
सुदूर पश्चिम प्रदेश

## शुभ-कामना

खानेपानी तथा सरसफाइ मानव जीवनसंग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो । स्वच्छ खानेपानी बिना स्वस्थ्य मानब जीबनको परिकल्पना पनि गर्न सकिदैन । समुदाय स्तरमा स्वच्छ खानेपानी र उचित सरसफाईको व्यबस्थापन हुन नसक्दा बिभिन्न किसिमका सरुवा रोगहरु फैलिएर जन धनको क्षति हुने गरेको छ । यसै तथ्यलाई आत्मसाथ गरेर नेपालले खानेपानी तथा सरसफाइका क्षेत्रमा सुधारका कदमहरु अगाडि बढाउदै आइरहेको छ र बिगतमा संचालन गरेका क्रियाकलापबाट उल्लेखनिय उपलब्धी हासिल गर्दै आइरहेको छ । नेपालमा संचालित सरसफाइ प्रवर्द्धनको सामाजिक अभियान मार्फत बझाङ्ग जिल्लाले सरसफाइ क्षेत्रको प्रगति हासिल गरी २०७२ पौष १६ गते जिल्लालाई नै ३३ औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न सफल भएको थियो ।

खुला दिसा मुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुबिधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच, यस गांउपालिका अन्तर्गतका सबै घर धुरीमा एक घर एक धारा र बिद्यालयहरुमा नमुना बिद्यालय (तीन तारे) आदि यस गाउँपालिकाका मुख्य चुनौतीहरु रहेका छन् ।

दिगो विकास लक्ष्यको मर्म अनुसार गाउँपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच र उचित व्यवस्थापनमा जोड दिनु पर्ने छ । यस प्रकारका राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरुलाई आत्मसाथ गर्दै बित्थडचिर गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको नीति, ऐन तथा नियमहरु बनाउने कार्यको थालनी गर्नुका साथै खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्दै आइरहेको र युनीसेफ नेपाल लगायत अन्य विकास साझेदार निकायहरुसंग सहकार्य गरी खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि विभिन्न प्रकारका सचेतनामुलक कार्यक्रमहरु, गोष्ठि,बैठक आदी संचालन गर्दै आइरहेको छ । आगामी बर्षहरुमा पनि यसै क्रमलाई निरन्तरता दिई खानेपानी तथा सरसफाइ क्षेत्रमा यथेष्ट बजेट बिनियोजन गरेर कार्यान्वयन प्रकृयामा प्रभावकारिता ल्याउने प्रतिवद्धता पनि ब्यक्त गर्दछु ।
गाउँपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिँदै सरसफाइ र स्वच्छताको दिगोपना कायम गर्न, गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिकाको रुपमा विकास गर्न खानेपानी,सरसफाइ तथा स्वच्छता योजना निर्माण तथा यसको सफल कार्यान्वयन आजको आवश्यकता रहेको छ । बित्थडचिर गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाउने दीर्घकालीन सोचका साथ सन् २०२६ सम्मको लागि निर्माण भएको यस खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रुपमा रहेकोले योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु, अन्तमा, खासस्व योजना निर्माणमा सहयोग गर्ने नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, विकास साझेदार निकाय युनिसेफ नेपाल तथा त्रिबेणी स्वस्थ्य वातवरण समुह, बैतडी एवं यस गाउँपालिका अर्न्तगतका सबै शाखाहरु प्रति आभार ब्यक्त गर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।
धन्यवाद ।

.................................
(प्रेम बहादुर बोहरा)
अध्यक्ष

बित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैउलेख, बझाङ्ग
सुदूर पश्चिम प्रदेश

## शुभ–कामना

सरसफाइ र स्वच्छता मानव स्वास्थ्यको अपरिहार्य विषय भएकोले यसको समुचित विकासका लागि सबै पक्षले ध्यान दिनु पर्ने हुन्छ । सरसफाइ क्षेत्रको विकासका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ तर्जुमा भइ यसैको मर्म अनुसार जिल्ला तथा स्थानीय तहमा सरसफाइ प्रवर्द्धनका अभियानहरु संचालन भइ सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार आई खुला दिसामुक्त क्षेत्र घोषणा भएका छन् ।

बझाङ्ग जिल्लाका साविकका ४२ गाविसहरु तथा १ वटा नगरपालिका जिल्ला स्थित सम्पूर्ण सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरुको सक्रियतामा २०७२ पौष १६ गते समग्र जिल्लालाई ३३ औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गरिएको थियो जसमा हाल यस गाउँपालिकामा समाहित भएका साबिकका ३ वटा गाबिसहरुको पनि सक्रिय सहभागिता रहेको थियो । सरसफाइको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी पाँच बर्ष भित्र बित्थडचिर गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिकाको रुपमा घोषणा गर्न विद्यमान खानेपानी तथा सरसफाइको अवस्था र देखिएका समस्याहरुको बिश्लेषण गरी गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरु बिशेष गरेर त्रिबेणी स्बस्थ्य वातवरण समुह, बैतडी, युनिसेफको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

खुला दिसा मुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुबिधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदि यस गाउँपालिकाका मुख्य चुनौतीका रुपमा रहेका छन् ।

तसर्थ यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्धेश्य अनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गनुपर्ने सहयोगको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

(जानकी बोहरा)
उपाध्यक्ष

# शुभ–कामना

सरसफाइ र स्वच्छता मानव स्वास्थ्यको लागी नभइ नहुने विषय भएको व्यहोरा सबै लाइ अवगत गराउदै यसको समुचित विकासका लागि सबै पक्षले ध्यान दिनु पर्ने हुन्छ । सरसफाइ क्षेत्रको विकासका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ तर्जुमा भइ यसैको मर्म अनुसार जिल्ला तथा स्थानीय तहमा सरसफाइ प्रवर्द्धनका अभियानहरु संचालन भइ सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार आई खुला दिसामुक्त क्षेत्र घोषणा भएका छन् ।

बझाङ्ग जिल्लाका साविकका सम्पूर्ण गाविसहरु तथा जिल्ला स्थित सम्पूर्ण सरोकारवाला निकायहरुको सक्रियतामा २०७२ पौष १६ गते समग्र जिल्लालाई ३३ औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गरिएको थियो जसमा हाल यस गाउँपालिकामा समाहित भएका साबिकका गाबिसहरुको पनि सक्रिय सहभागिता रहेको थियो । सरसफाइको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी पाँच बर्ष भित्र बित्थडचिर गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिकाको रुपमा घोषणा गर्न विद्यमान खानेपानी तथा सरसफाइको अवस्था र देखिएका समस्याहरुको बिश्लेषण गरी गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरुले युनिसेफको सहयोगमा निर्माण गरीएको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

तसर्थ यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्वेश्य अनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गर्नुपर्ने सहयोगको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

(चक्र देव भट्ट)

प्रमुख प्रशासकिय अधिकृत

बिषय सूचि

गाउँपालिका अध्यक्षको शूभकामना सन्देश

गाउँपालिका उपाध्यक्षको शूभकामना सन्देश

गाउँपालिका कार्यकारी प्रमुखको शूभकामना सन्देश

**१. खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजनाको परिचय ........ १**

१.१ पृष्टभूमि ........ १
१.२ औचित्य ........ ३
१.३ खासस्व योजनाको उद्देश्य ........ ३
१.४ अध्ययनका सीमा ........ ४
१.५ तयारी विधि र प्रक्रिया ........ ४
१.१.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ........ ४
१.१.२ गाउँपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण ........ ५
१.१.३ तथ्याङ्क संकलन तथा लेखाजोखा ........ ५
१.१.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी ........ ५
१.१.५ खासस्व योजना प्रमाणीकरण गोष्ठी ........ ६
१.१.६ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण ........ ६

**२. अध्याय : बित्थडचिर गाउँपालिका वस्तुगत विवरण ........ ७**

१.६ भौगोलिक अवस्थिति र बनोट ........ ७
२.१ पहुँच ........ ८
२.२ भू-उपयोग तथा वातावरण ........ ८
२.३ जनसांख्यिक विवरण ........ ८
२.४ जात जाति र जनसांख्यिक विवरण ........ ९
२.५ आर्थिक गतिविधि र पेशा ........ १०
२.६ जनसंख्याको गतिशिलता र बसाई सराई ........ १०
२.७ भौतिक पूर्वाधार ........ १०
२.८ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र खासस्व योजनाको सम्वन्ध ........ १०
२.९ खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ........ १०

**३. अध्याय खानेपानी, सरसफाई तथा स्वच्छता स्थिति ........ १२**
**३.१** बित्थडचिर गाउँपालिकामा खानेपानीको अवस्था ........ **१२**
**३.१.१** गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरु ........ **१२**
**३.१.२** मौजुदा खानेपानी प्रणालीहरु ........ **१२**
**३.१.३** खानेपानीको पर्याप्तता ........ **१३**
**३.१.४** गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर ........ **१३**

३.१.५ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्था ........ १४
३.१.६ मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सूचारुपन ........ १६
३.१.७ खानेपानी प्रणालीहरुको दिगोपना ........ १८
३.१.८ खानेपानीको गुणस्तर तथा खानेपानी सुरक्षा योजना ........ २०
३.१.९ हाल सम्मा खानेपानी पहुँच नपुगेका वस्तीहरुको विवरण ........ २०
३.२ शैक्षिक तथा स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा ........ २०
३.२.१ गाउँपालिका भित्रका शैक्षिक संस्थाहरु ........ २०
३.२.२ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधाको अवस्था ........ २१
३.२.३ स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा ........ २१
३.२.४ शैक्षिक संस्थाहरुमा सरसफाई तथा स्वच्छता अवस्था ........ २२
३.२.५ स्वास्थ्य संस्थाहरुमा सरसफाई तथा स्वच्छताको अवस्था ........ २६
३.३ घरायसी सरसफाई तथा स्वच्छताको अवस्था ........ २८
३.३.१ घरायसी शौचालय निर्माणको अवस्था ........ २८
३.३.२ घरायसी चर्पीका प्रकार र प्रयोगको अवस्था ........ २८
३.३.३ घरायसी चर्पीको लेदो व्यवस्थापन ........ २९
३.३.४ घरायसी चर्पी सरसफाईको अवस्था ........ २९
३.३.५ घरपरिसरको सरसफाईको अवस्था ........ ३०
३.४ संस्थागत कार्यलयका शौचालयहरु ........ ३१
३.५ महामारीको प्रकोप ........ ३२
३.६ विपद जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु ........ ३२
३.७ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ........ ३३
३.८ पूर्ण सरसफाई तर्फको समग्र अवस्था ........ ३३
४. राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता ........ ३७
५. खासस्व योजनाको सोच, परिलक्ष्य, लक्ष्य, उद्देश्य र रणनीतिहरु ........ ४२
५.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य ........ ४२
५.२ खानेपानी, सरसफाई र स्वच्छता योजनाका लक्ष्य ........ ४२
५.३ खानेपानी, सरसफाई र स्वच्छता योजनाका उद्देश्यहरु ........ ४२
५.४ खानेपानी, सरसफाई र स्वच्छता योजनाको रणनीतिहरु ........ ४३
५.५ गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु ........ ४५
५.५.१ नागरिक संलग्नता र जनकेन्द्रित खासस्व सेवाको विकास ........ ४५
५.५.२ वातावरण सन्तुलन तथा खासस्व क्षेत्रको दिगो विकास ........ ४५
५.५.३ स्थानीय संस्था/संजालहरुको क्षमता विकास तथा परिचालन ........ ४५
५.५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ४५
५.५.५ मानव अधिकार र सामाजिक न्याय ........ ४६
५.५.६ समुदाय, निजी क्षेत्र एवं गैसस साझेदारी ........ ४६
५.५.७ नतिजा मूलक व्यवस्थापन प्रणाली ........ ४६
६. संभाग अनुसार रणनीति, अपेक्षित उपलब्धि,नतिजा तालिका र क्रियाकलापहरु ........ ४८
६.१ संभाग क्षेत्र १ः सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा ........ ४८
६.१.१ उद्देश्य : ........ ४८
६.१.२ रणनीति : ........ ४८
६.१.३ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा तथा लक्ष्य तालिका ........ ५०
६.१.४ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको कार्ययोजना तथा प्रमुख क्रियाकलापहरु . ५१

६.१.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ........ ५२
६.२ संभाग क्षेत्र २.सुधारिएको सरसफाई तथा स्वच्छता सुविधामा पहुँच वृद्धि तथा दिगोपना ........ ५३
६.२.१ उद्देश्य : ........ ५३
६.२.२ रणनीति :........ ५३
६.२.३ नतिजा तथा लक्ष्य तालिका........ ५५
६.२.४ पूर्ण सरसफाईयुक्त, घर, गाउँ, गाउँपालिकाको लागि कार्ययोजना तथा क्रियाकलापहरु ........ ५६
६.२.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ........ ५८
६.३ संभाग क्षेत्र ३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन........ ५९
६.३.१ उद्देश्य : ........ ५९
६.३.२ रणनीति तथा कार्यनीति :........ ५९
६.३.३ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धनका क्षेत्रको नतिजा र लक्ष्य तालिका ........ ६१
६.३.४ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलापहरु ........ ६२
६.३.५ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ६३
६.४ संभाग क्षेत्र ४. संस्थागत तथा क्षमता विकास........ ६४
६.४.१ उद्देश्य : ........ ६४
६.४.२ रणनीति तथा कार्यनीति :........ ६४
६.४.३ संस्थागत सुदृढीकरण तथा क्षमता विकासको लक्ष्य तालिका ........ ६५
६.४.४ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ........ ६७
६.५ संभाग क्षेत्र ५. जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाई सेवा ........ ६८
६.५.१ उद्देश्य : ........ ६८
६.५.२ रणनीति तथा कार्यनीति :........ ६८
६.५.३ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणका नतिजा, सूचक र लक्ष्य तालिका ........ ६९
६.५.४ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणको कार्ययोजना तथा क्रियाकलाप........ ७०
६.५.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ........ ७१
६.६ संभाग क्षेत्र ६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण........ ७२
६.६.१ उद्देश्य ........ ७२
६.६.२ रणनीति तथा कार्यनीति........ ७२
६.६.३ लैससासको नतिजा तथा लक्ष्य तालिका ........ ७३
६.६.४ लैससासका लागि कार्ययोजना तथा क्रियाकलापहरु ........ ७३
६.६.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण ........ ७४
७. लागत अनुमान तथा श्रोत व्यवस्थापन ........ ७५
७.१ लागत अनुमान........ ७५
७.२ आर्थिक स्रोत साधनको व्यवस्थापन ........ ७६
७.३ विगत तीन वर्षमा गाउँपालिका द्धारा खासस्व क्षेत्रमा विनियोजन गरेको बजेट विश्लेषण........ ७६
७.४ मानवीय स्रोत साधन पहिचान र परिचालन :........ ७६
८. खासस्व योजनाको कार्यान्वयन तथा अनुगमन ........ ७८
८.१ खासस्व योजनाको कार्यान्वयन ........ ७८
८.१.१ योजना कार्यान्वयन अवधारणा........ ७८
८.१.२ योजना परिमार्जन........ ७८
८.२ अनुगमन योजना........ ७८
८.२.१ अनुगमन ढाँचा तथा पद्धति........ ७८

८.२.२ सूचक ........ ७९
८.२.३ अनुगमनको तह ........ ७९
८.२.४ अनुगमन विधि ........ ७९
८.३ निष्कर्ष तथा भावी कार्यदिशा ........ ७९
८.४ सिकाइहरू ........ ८०
८.५ खासस्व योजना स्वीकृति र अवधि ........ ८०
८.६ गाउँपालिकामा खासस्व संरचना ........ ८०
८.७ गाउँपालिकमा खासस्व संयुक्त कोष ........ ८०
८.८ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता ........ ८१
८.८.१ संस्थागत संरचना ........ ८१
८.८.२ संस्थागत क्षमता अभिवृद्धि ........ ८१
९. संस्थागत संरचना,सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ........ ८२
९.१ सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ........ ८२

अनुसूचि –१ बित्थडचीर गाँपालिकाका खानेपानी योजनाहरुको बिबरण

अनुसूचि –२ बित्थडचीर गाँपालिकाका खानेपानी योजनाहरुको संरचनाको अबस्था बिबरण

अनुसूचि –३ बित्थडचीर गाँपालिकाका नयां निमार्ण गर्नुपर्ने खानेपानी योजनाहरुको सूचि

# १. खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१ पृष्टभूमि

खानेपानी तथा सरसफाई लाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्ने विश्वका सिमित देशहरु मध्ये नेपाल पनि एक हो । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाई सेवा सबै नागरिकको पहुँच सम्म पुऱ्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ । वर्तमान परिवेशमा सरसफाई र स्वच्छताको दायरा फराकिलो भएर प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधार स्तम्भको रुपमा रुपान्तरित भई विकासको अभिन्न अंगको रुपमा स्थापित भएको छ ।

जुन सुकै समयमा, जो सुकैलाई र जहाँसुकै पनि प्राप्त हुने, सुरक्षित, पर्याप्त, शुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्य योग्य खानेपानी, सरसफाई र स्वच्छता सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार गर्नु नेपाल सरकारको खासस्व क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४-२०८७ (ड्राफ्ट) तयार गरेर योजनावद्ध रुपले खानेपानी र सरसफाईको पहुँच जनता सम्म पुऱ्याउने रणनीतिहरु तय गरिएको छ ।

संयुक्त राष्ट्र संघ द्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाई सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरुले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाईको सुनिश्चितताका लागि योजनावद्ध तवरले अगाडी बढनु अपरिहार्य भएको छ ।

नेपालले क्षेत्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिवद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाईको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिले सम्म गरिएका प्रयत्नहरुमा अझ तिव्रता दिनुपर्ने देखिन्छ । खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी भएका प्रयासहरुमा प्राकृतिक प्रकोप प्रमुख चुनौतीको रुपमा देखा परेको छ । नेपालमा भूकम्प, बाढी, पहिरो, भूक्षय, हुरी, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि आदिका कारण खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रहरु नराम्रोसँग प्रभावित हुने गरेका छन् ।

पूर्ण सरसफाई मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाईका कियाकलाप सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाई उन्मुख क्षेत्र गरी दुई चरणमा बाँडेर सञ्चालित छन । पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र घोषणाका लागी

पनि विभिन्न २७ वटा सूचकमा निश्चित अवस्था हासिल गर्नु पर्नेछ, जसका लागि ३ नं बुँदामा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी सम्वन्धित क्षेत्रका समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सकृयतामा नगरपालिका वा नगरपालिका र जिल्ला खानेपानी, सरसफाई र स्वच्छता योजना (WASH Plan) तर्जुमा गरिने छ भन्ने बुँदा उल्लेख गरिएको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरुलाई प्रभावित पार्ने विषय हो भन्न सकिन्छ ।

हालसालै नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाईको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ भनिएको छ। यसै गरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छन् र आस्विन १३, २०७६ का दिनमा देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । यसरि अबको अभियान पूर्ण सरसफाईको हुनेछ सो पूर्ण सरसफाई कार्यक्रमलाई एकतावद्ध गर्न र सरकारी तथा गैरसरकारी सबै निकायहरुबाट हुने काममा एकरुपता ल्याउन कम्तिमा पनि प्रत्येक पालिका तहमा एक एकिकृत खासस्व योजनाको आवश्यकता पर्दछ । सन २०१७ मा सत प्रतिशत जनतामा आधारभूत स्तरको खानेपानी र सरसफाईको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्यका बावजुद अझै थप केहि समयको मेहनतले मात्र तोकिएको सीमा भन्दा केहि ढिलो भए पनि लक्ष्यमा पुग्न सकिएको छ ।

निर्वाचित जनप्रतिनिधि, कर्मचारी वर्ग र लाभग्राहीहरुको नेतृत्वमा सुरक्षित पिउने पानी र सरसफाईको महत्व के छ ? आफ्ना जनताहरुलाई कति समय सीमा भित्र कस्तो सरसफाई, स्वच्छता र स्वास्थ्यको अवस्थामा पुऱ्याउने, यस बारेका राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा के कस्ता प्रतिवद्धता गरेको छ ? हाम्रो संविधान र कानुनले यसलाई कसरी परिभाषित गरेको छ ? सुरक्षित पानी र सरसफाईलाई नागरिक अधिकारको रुपमा कसरी स्थापित गरेको छ भन्ने बारेमा आवश्यक र पर्याप्त मात्रामा मष्तिष्क मन्थन र छलफल आवश्यक छ । यसरी मष्तिष्क मन्थन र छलफल पश्चात आफ्नो पालिकाको समग्र खानेपानी र सरसफाईको लक्ष्य निर्धारण गर्न आवश्यक छ । त्यही लक्ष्य प्राप्तिका लागी निश्चित योजनाहरु बनाउने दिशामा अघि बढनु नै उपयुक्त तरिका हुनेछ ।

नेपालमा खानेपानी तथा सरसफाईमा पहुँचको अवस्थामा उल्लेखनिय उपलब्धि हासिल गरिए पनि संचालनमा आएका योजनाहरुको दिगो र सुरक्षित सेवा प्रवाह चुनौतिको रुपमा देखिएको छ । विषम भौगोलिक अवस्था तथा अति विपन्न, पछाडि पारिएका जनताहरु बसोबास गरेको क्षेत्रमा खानेपानी तथा सरसफाईको सेवामा पहुँच अति कम रहेको यथार्थ हामी सामु छ । तसर्थ सेवाबाट बन्चितीमा परेका समुदायहरुको संविधान प्रदत्त अधिकार सुनिश्चितता गर्नु प्रमुख चुनौति रहेको छ ।

अझै पनि नेपालमा विभिन्न संघ संस्थाहरुको अध्ययन प्रतिवेदन अनुसार नेपालमा वर्षेनि करौडौं रुपैयाँ स्वच्छ खानेपानी तथा सरसफाईको सेवाको अभावमा हुने रोगको उपचारका लागि खर्च भइरहेको छ । जसका कारणले समग्र देशको आर्थिक विकासमा नकरात्मक असर परि रहेको सन्दर्भमा सुरक्षित खानेपानी तथा स्तरीय सरसफाईको पहुँच सबै नेपालीको घरदैलोमा पुऱ्याउनु अपरिहार्य भएको छ ।

योजनाबद्ध रुपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्धन कृयाकलाप संचालनका लागि वर्तमान खानेपानी तथा सरसफाईको अवस्था, सम्भावित श्रोतहरु, सार्वजनिक तथा संस्थागत खानेपानी

तथा सरसफाईको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरी उपलब्ध तथ्यहरु र सूचनाहरुका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्र विकास योजना (२०७४-२०८७) संग तादम्यता मिलाएर खानेपानी, सरसफाई तथा स्वच्छताका कार्यक्रमको प्राथमिकीकरण र बजेट समेत आंकलन गरी यो बित्थडचिर गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२ औचित्य

देउलेक, सुनकुडा र स्याडी गा.वि.सहरु स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७३/११/२७ गते नेपाल सरकारद्वारा प्रकाशित खण्ड ६६,संख्या ५८,नेपाल राजपत्र भाग ४ को पृष्ट नं ३५८ प्रकाशित राज्य पुनर्संरचनाको प्रतिवेदन अनुरुप बित्थडचिर गाउँपालिकाकोरुपमा गठन गरिएको हो र गाउँपालिकालाई जम्मा ९ वटा वडा कायम गरिएको छ ।

यो गाउँपालिका घोषणा भएपश्चात समायोजन भएको स्थानहरुको खानेपानी र सरसफाईको अवस्था तथा वस्तुस्थिति समावेश भएको कुनै आधिकारीक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको क्षमता, खानेपानी, सरसफाई तथा स्वच्छताको वास्तविक अवस्था र भावी योजनाहरु तय गर्नका लागि यो खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरिएको थियो । खानेपानी तथा सरसफाई जनताको नैसर्गीक अधिकारको रुपमा संविधानमा व्यवस्था गरे अनुसार नै गाउँपालिका क्षेत्रका जनतालाई सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाई सेवाको पहुँचमा अभिवृद्दि गर्नु गाउँपालिकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए बमोजिम दफा ११ को उपदफा ध मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्नका लागी खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना अत्यावस्यक हुन आएको छ । विना योजना र अनुमानमा गरिने विकासले खानेपानी र सरसफाईको पहुँचका क्षेत्रमा आशातित सफलता नहुने विगतले पाठ सिकाएको छ । तसर्थ तथ्यगत र वस्तुगत आधारमा समुदाय संगको छलफल र स्विकार्यता लाई समेत मध्य नजर गरी सेवाबाट वन्चितिमा परेका समुदायहरुलाई प्राथमिकतामा राखेर योजना बनाएर खानेपानी तथा सरसफाईको क्षेत्रमा देखिने गरी विकास गर्न खासस्व योजना अति आवश्यक दस्तावेज हुने भएकोले निर्माण गरिनु अपरिहार्य देखिएको छ ।

## १.३ खासस्व योजनाको उद्देश्य

खासस्व योजना तर्जुमा गर्नुको मुख्य उदेश्य यस गाउँपालिका खानेपानी तथा सरसफाईको समस्याको पहिचान गरि गाउँपालिकाका सम्पुर्ण घरपरिवार लाई सर्वशुलभ र गुणस्तरयुक्त खानेपानीको उपलब्ध गराउन तथा पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागी स्थानिय श्रोत साधनका अतिरिक्त प्रदेश, संघिय सरकार र दातृ निकायबाट सहयोग जुटाएर नेपाल सरकार खानेपानी तथा सरसफाई क्षेत्रको लक्ष्य तथा दिगो विकासका लक्ष्य बमोजिमको उपलब्धि हासिल गर्न योजनावद्ध तरिकाले कार्य गर्नका लागी खासस्व योजना तर्जुमा गरिएको हो ।

खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्र विकास योजना ले परिकल्पना गरेको खानेपानी, सरसफाई तथा स्वच्छताका स्तरमा पुग्नका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नु पर्ने खासस्व सेवाहरूको प्रस्ताव, प्राथमिकिकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध श्रोत साधनहरूको लेखाजोखा सहितको रणनीति र कार्ययोजना बनाउनु ।
- गाउँपालिकाको खानेपानी तथा सरसफाईको समस्याको पहिचान गरि गाउँपालिकाका सम्पूर्ण घरपरिवार लाई सर्वसशुलभ र गुणस्तरयुक्त खानेपानीको उपलब्ध गराउन र  पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि स्थानिय श्रोत साधनका अतिरिक्त प्रदेश, संघीय सरकार र दातृ निकायबाट सहयोग जुटाएर नेपाल सरकार खानेपानी तथा सरसफाई क्षेत्रको लक्ष्य तथा दिगो विकासका लक्ष्य बमोजिमको उपलब्धि हासिल गर्न योजनावद्ध तरिकाले कार्य गर्न

## १.४ अध्ययनका सीमा

यस खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार पार्ने क्रममा खानेपानी योजनाको विवरण बाहेकका गाउँपालिका स्तरीय अन्य सरसफाई र स्वच्छता सम्बन्धी सूचनाहरु गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, कार्यरत कर्मचारीहरु, विद्यालय शिक्षक तथा स्वास्थ्य केन्द्रका कर्मचारीका अलावा महिला स्वास्थ्य स्वयंसेविकाहरु संग छलफल गरी संकलन गरिएको हो । घरपरिवार तहको सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरु संकलन गर्न सम्पूर्ण घरपरिवारमा नै गई सूचनाहरु संकलन गर्न नसकिएकोले करिब १० प्रतिशतको अन्तरालमा नमुना संकलन (Random Sampling Method) विधिबाट सूचनाहरु संकलन तथा प्राप्त तथ्यहरुलाई सामान्यिकरण गरिएको छ ।

तथ्याङ्कहरु संकलनका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सूचनाहरु समेत गैर प्राविधिक तथ्याङ्क संकलकहरुको माध्यमबाट संकलन गरिएको थियो ।

गाउँपालिकामा खानेपानी तथा सरसफाईका भरपर्दो सूचना प्रणालीको स्थापना भई नसकेकोले गाउँपालिकामा खानेपानी तथा सरसफाई सम्बन्धी पर्याप्त जानकारीहरु प्राप्त गर्न असमर्थ हुँदा खासस्व योजना निर्माणमा कठिनाई उत्पन्न भएको थियो ।

## १.५ तयारी विधि र प्रक्रिया

खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना तयारीमा तपसिलका चरण र प्रक्रियाहरु अवलम्वन गरिएको थियो

### १.५.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग द्वारा प्रस्तावित ढाँचालाई नै यस खासस्व योजना तयारीमा उपयोग गर्ने सहमति भएको थियो । सो ढाँचामा प्रस्तावित विषय वस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका जाँच सूची र प्रश्नावलीहरुका अलावा नेपाल सरकार खानेपानी मन्त्रालयबाट तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गर्न विधि तय गरिएको थियो । फिल्डमा सर्वेक्षणका लागि खटिने टोलीहरु गाउँपालिकाको समन्वयमा तयार गरी उनिहरुका लागि NWASH मोबाइल एप्स बाट तथ्याङ्क संकलन गर्ने विधि सम्वन्धी ३ दिने तालिम संचालन गरिएको थियो ।

### १.५.२ गाउँपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

बित्थडचिर गाँउपालिकामा खासस्व योजना अभिमुखिकरण गोष्ठी मिति २०७६/०९/२० मा गाँउपालिका प्रमुख, निमित्त प्रमुख कार्यकारी अधिकृत, कार्यपालिकाका सदस्यहरु र सरोकारवालाहरुको सहभागितामा आयोजना गरियो । गोष्ठीमा खानेपानी, सरसफाई स्वच्छता (खासस्व) योजनाको आवश्यकता र महत्वका विषयमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरुको भुमिकाका विषयमा छलफल भएको थियो । अन्तमा खासस्व योजना तयारीको प्रक्रियाको अनुगमन तथा समन्वयका लागि कार्य समूह गठन गरिएको थियो ।

### १.५.३ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरु गरिएको थियो ।

- गाँउपालिकामा उपलब्ध सहायक सामग्री जस्तै गाउँपालिकाको पार्श्वचित्र २०७४, गाउँपालिकाको पूर्ण सरसफाई रणनीतिक योजना २०७५, गाँउपालिकाको website र यूनिसेफ नेपालको ASWA II कार्यक्रमले सरसफाई बेसलाइन प्रतिवेदन अध्ययन गरिएको थियो ।
- NWASH मोबाइल एप्सको माध्यमबाट गाउँपालिका क्षेत्रभरिका खानेपानी र सरसफाई संग सम्वन्धित विद्यमान भौतिक संरचनाहरुको लेखाजोखा गरियो ।
- संचालित खानेपानी योजनाहरुको दिगोपना लेखाजोखा गरियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाई र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरु संकलन गर्ने १० प्रतिशतको अन्तरालमा ९५ प्रतिशत Confidence level हुने गरी नमुना संकलन ( Random Sampling Method) विधिबाट सूचनाहरु संकलन गरियो ।
- सम्पूर्ण विद्यालयहरु, स्वास्थ्य केन्द्रहरु तथा सार्वजनिक संस्थाहरुमा पुगि खानेपानी तथा सरसफाई सम्बन्धी अवस्था र भावी योजनाहरु सम्बन्धी सूचना संकलन गरियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुनःप्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरु संकलन कार्य भयो ।
- खानेपानीका पहुँचबाट बन्चितमा परेका समुदायको खानेपानीको सम्भावित श्रोतहरु, तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरियो ।
- अन्य विकास साझेदारहरुको खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमहरुको विवरणहरु संकलन गरियो ।

### १.५.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

मोबाइल एप्स, समूहगत छलफल जाँच सूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरुलाई IT विज्ञहरुको सहयोगमा प्रशोधन तथा विस्तृत विश्लेषण गरियो । तत्पश्चात निर्धारित लक्ष्य हाँसिल गर्न, हालको

विद्यमान अवस्था र पुग्न पर्ने स्थान बिचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरुका बीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गर्ने कार्य गरियो ।

### १.५.५ खासस्व योजना प्रमाणीकरण गोष्ठी

मस्यौदा प्रतिवेदन तयारी पश्चात वडा र गाउँपालिका तहमा छुट्टाछुट्टै योजना तर्जुमा गोष्ठीहरु संचालन गरी प्रस्तावित खानेपानी तथा सरसफाईका दूरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरुको संलग्नता, गाउँपालिकाको खासस्व कार्यक्रमहरुको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद् व्यवस्थापनका योजना, संस्थागत क्षमता छलफलका अलावा प्राप्त सूचना र तथ्याङ्कहरुको पुष्टिकरण गर्ने कार्य गरियो । छलफल, गोष्ठीबाट प्राप्त सूचना, सुझाव तथा पृष्ठपोषणहरुलाई संलग्न गरेर खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजनाको अन्तिम प्रतिवेदन तयार गरियो ।

### १.५.६ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण

अन्तिम खासस्व योजना गाॅउपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिवद्धता सहित स्वीकृत गरी आगामी नगरपरिषदबाट पास गर्ने गरी प्रमाणीकरण र सार्वजनिकिरण गरिनेछ ।

# २. अध्याय : बित्थडचिर गाउँपालिका वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट

बित्थडचिर गाउँपालिका नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत बझाङ जिल्लामा पर्दछ । भौगोलिक अवस्थितिगत रुपमा २९°२६'२८" देखि २९०३४'२०" उत्तरी अक्षांश सम्म ८००४४'५६" देखि ८००५२'४७" पूर्व देशान्तर फैलिएको छ । समुन्द्र सतहको २६५० फिट देखि ८०५० फिट सम्मको उचाईमा रहेको यस गॉउपालिका को कुल क्षेत्रफल ८६.१३ वर्ग किमि फैलिएको छ। यस बित्थडचिर गाउँपालिकाको पूर्वमा केदारस्यु पश्चिममा बैतडी जिल्ला उत्तरमा बझाङ जिल्लाकै बुगंल नगरपालिका, दक्षिणमा बैतडी जिल्ला रहेका छन । पाहाडी क्षेत्रमा पर्ने यस गॉउपालिका को अधिकांश भाग भिरालो बन पाखा र खेतबारीले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा ग्रामिण क्षेत्रबाट रोजगारीका लागी विदेशिन र शहरी क्षेत्रमा बसाई सराईले गर्दा पाखोबारीहरु बाजो रहेका छन । बझाङ जिल्लाको प्रवेश द्धारको रुपमा रहेको यस बित्थडचिर गाउँपालिका नदीनाला र वनजंगलजस्ता प्राकृतिक श्रोत साधनमा पनि सम्पन्नै रहेको छ ।




चित्र नं २.१ बित्थडचिर गाउँपालिकाको नक्शा

जयपृथ्वी मार्गको दायाँ बायाँ रहेको यस गाउँपालिका बैतडी जिल्लाको खोडपेबाट करिब ३० किमी दुरीमा रहेको छ र उक्त मार्ग करिब २१ किमी यस गाउँपालिका भएर जिल्ला सदरमुकाम चैनपुर सम्म पुग्दछ। यस गाउँपालिकाको केन्द्र देउलेक रहेको छ र जिल्ला सदरमुकाम बाट करिब ७० किमी दुरीमा रहेको छ । गाउँपालिका मा ९ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेश साविक गाविस तथा गॉउपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न : 2.1-1 गाउँपालिकाको गठन तथा वडागत क्षेत्रफल

| हालको वडा नं. | साविक गा.वि.सको वडा नं. | क्षेत्रफल (व.किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | स्याँडी गा.वि.स.(६,७,८) | १०.२१ | ११.९ |
| २ | स्याँडी गा.वि.स.(१,३,४) | १२.४१ | १४.४ |
| ३ | स्याँडी गा.वि.स.(२,५,९) | ६.६८ | ७.८ |

| हालको वडा नं. | साविक गा.वि.सको वडा नं. | क्षेत्रफल (व.किमि) | प्रतिशत |
|---|---|---|---|
| ४ | देउलेख गा.वि.स.(१,३,४,५) | ३.८७ | ४.५ |
| ५ | देउलेख गा.वि.स.(२,६,७) | ४.९८ | ५.८ |
| ६ | देउलेख (८,९) र सुनकुडा(५) | ११.२९ | १३.१ |
| ७ | सुनकुडा गा.वि.स.(६,७,८) | १०.३५ | १२.० |
| ८ | सुनकुडा गा.वि.स.(३,४) | ६.६७ | ७.७ |
| ९ | सुनकुडा गा.वि.स.(१,२,९) | १९.६७ | २२.८ |
| जम्मा | | ८६.१३ | १०० |

## २.२ पहुँच

भौगलिक रुपमा सानो गाउँपालिका सडक यातायातको दृष्टिकोण बाट सुगम रहेको छ । खोडपे देखि चैनपुर सम्मको जयपृथ्वी मार्ग यस गाउँपालिकाको बीच भाग भएर जान्छ र करिब २१ किमी सडक खण्ड यस गाउँपलिकामा पर्दछ । गाउँपालिकाको केन्द्र देउलेक बजार जिल्ला सदरमुकाम चैनपुर बाट करिव ७० किमि दुरी र प्रदेश राजधानी गोदावारी बाट करिब करिब १७० किमि दुरीका रहेको छ । वडा नं ६ को कार्यलय बाहेक सम्पुर्ण वडा कार्यालयहरु जयपृथ्वी मार्गको आसपासमा रहेका छन । राजमार्ग बाहेकका सडक हरु हिउँद महिनामा मात्र संचालन हुने कच्ची सडक रहेका छन ।

## २.३ भू-उपयोग तथा वातावरण

समुन्द्री सतह बाट २६५० फिट देखि ८०५० फिट सम्मको उचाईमा रहेको यस गाउँपालिका को सबैजसो भूभाग भिरालो रहेको छ। तथापि, गाउँपालिकाको तल्लो भागमा रहेका खोला खोल्सीका किनारमा केहि समथर जमिन रहेको छ । खोला नाला तथा खोल्साका कारण कतिपय भूभागमा खण्डित किसिमको भूस्वरुप पनि रहेको देखिन्छ। जलवायुका हिसाबले यस गाँउपालिकामा उष्ण देखि समसितोष्ण प्रकारको हावापानी रहेको छ। हिउँदमा ओषत ताममाज ० देखि १८ डिग्री  सेल्सियस सम्म रहन्छ भने गृष्म ऋतुमा अधिकतम तापमान ३०.० डिग्री  सेल्सियस सम्म पुग्दछ ।

यस गाउँपालिकामा माटोको बनावट, खेतियोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरुको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के कस्ता उत्पादनमा प्रणाली तथा नीतिहरुको अवलम्बन गर्न सकिन्छ भन्ने यस विषयमा विस्तृत अध्ययन गरी योजना निर्माण पश्चात कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## २.४ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाँउपालिका को कुल घरपरिवार संख्या २७३९ जनसंख्या १७१५४ र औषत परिवारको आकार ६.२६ जना प्रति परिवार रहेको छ। वडागत जनसंख्या विवरण देहाय बमोजिम रहेको छ।

तालिका न : द्धाज्ञ-२ वडागत घरपरिवार तथा जनसंख्या विवरण

| वडा नं | जनगणना २०६८ अनुसार | | | | |
|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार |
| | | जम्मा | पुरुष | महिला | |
| १ | ३५९ | २,५५९ | १,२३३ | १,३२६ | ७.१३ |
| २ | २६१ | १,८८४ | ९२७ | ९५७ | ७.२२ |
| ३ | १५७ | १,१३० | ५४७ | ५८३ | ७.२० |
| ४ | ३४२ | २,१०२ | १,०१५ | १,०८७ | ६.१५ |
| ५ | २३७ | १,४९० | ७२४ | ७६६ | ६.२९ |
| ६ | ३०८ | १,८२९ | ८५८ | ९७१ | ५.९४ |
| ७ | २९७ | १,७३३ | ७९६ | ९३७ | ५.८४ |
| ८ | २०८ | १,०६३ | ४९२ | ५७१ | ५.११ |
| ९ | ५७० | ३,३६४ | १,५२६ | १,८३८ | ५.९० |
| जम्मा | २७३९ | १७,१५४ | ८,११८ | ९,०३६ | ६.२६ |

## २.५ जात जाति र जनसांख्यिक विवरण

बित्थडचिर गाउँपालिकामा जातजातिगत विवरण अनुसार क्षेत्री समुदायको बाहुल्य रहेको छ। कुल जनसख्यांको ७५ प्रतिशत जनसख्यां क्षेत्री जतीको छ भने ११.७ प्रतितशत कामी ६.७ प्रतिशत बाहुन, सन्यासी १ प्रतिशत, ठकुरी १ प्रतिशत, अन्य दलित २.८ प्रतिशत र बाँकी अन्य जाती रहेका छन। बित्थडचिर गाउँपालिकाको जाति अनुसार जनसंख्या विवरण तल प्रस्तुत गरिएको छ।

**चित्र २.२ जातिगत आधारमा जनसंख्या**




श्रोत: राष्ट्रिय जनगणना २०६८

नेपालको संविधानले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा परिभाषित गरेको छ। नेपालमा धार्मिक स्वतन्त्रता र विविधिता रहेका भएता पनि बित्थडचिर गाउँपालिकामा करिब सतप्रतिशत जनसंख्या हिन्दू धर्म मान्दछन।

## २.६ आर्थिक गतिविधि र पेशा

यस गाँउपालिका को अर्थतन्त्रमा कृषि, वनपैदावार, वैदेशिक रोजगारको प्रमुख भुमिका रहेको छ। करिब शत प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि भएतापनि परामपरागत खेति प्रणाली बाट प्राप्त हुने आम्दानीले परिवारका दैनिक आवश्यकता पुर्ति हुन नसक्दा अधिकांश घरपरिवारबाट रोजगारीका लागी भारत लगायत मलेसिया र अरब देशहरुमा जाने प्रचलन रहेको छ। सामुदायिक वन, सरकारी वनमा गैर वन पैद्धावारको सम्भावना भएता पनि, स्थानिय रुपमा संकलन कार्यमात्र भैराखेको र बिना प्रशोधन निर्यात भएको हुँदा समुदायले खासै आर्थिक उपलब्धि लिन सकेका छैनन। शैक्षिक र आर्थिक रुपले पछाडी परेको हुँदा यस  गाउँपालिकाबाट सरकारी तथा समाजिक संघ संस्थामा रोजगारी प्राप्त गर्ने जनसंख्या कमै रहेको छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको  शुलभ उपलब्धता भएता पनि बस्ती सम्म का पहुँच सडक, बिजुली, पानी लगायतका आधारभूत औद्योगिक पूर्वाधारको विकास नभएको हुदां रोजगार मुलक उद्योगको स्थापन हुन सकेको छैन। भौतिक पुर्वाधार , सडक, विद्युत, सिँचाई, जस्ता पूर्वाधार र कृषिको आधुनिकिकरण, वन पैद्धावारको प्रशोधन, घरेलु तथा साना उद्योगको स्थापनाबाट यस गाउँपालिकामा आर्थिक विकास सम्भव देखिन्छ।

## २.७ जनसंख्याको गतिशिलता र बसाई  सराई

यस गाँउपालिकामा स्थाई रुपमा बसाई सरेर आउने जनसंख्याको मात्र खासै उल्लेखनिय छैन भने, बसाई सरेर तराई तथा अन्य शहर जाने संख्या सामान्य रहेको छ। कामका लागी वैदेशिक र स्वदेशका अन्य ठाउँमा बसाई जानेमात्र उल्लेखनिय भयतापनि तथाङ्क राख्ने व्यवस्था नभएको हुँदा यकिन संख्या थाहा हुन सकेन।

## २.८ भौतिक पूर्वाधार

यस गाउँपालिकाको मुख्य पुर्वाधारको रुपमा जयपृथ्वी राजमार्ग रहेको छ सो राजमार्गको करिब ४० किमी भाग यस गाउँपालिकामा पर्दछ। मुख्य राजमार्गले जोडेका वस्ती बाहेकका अधिकांश भागलाई भरपर्दो सडकमार्ग संग पहुँच पुगेको छैन। हिउँदयामा मात्र सवारी चल्न सक्ने कच्ची सडकले धेरै बस्तीहरु जोडेको भएता पनि सडकको स्तरउन्नति गर्न जरुरी छ। लघु जलविद्युत बाट केहि घरधुरीमा विद्युतीकरण सेवा पुगेको भएतापनि भरपर्दो सेवा छैन। हालका दिनमा केन्द्रिय प्रसारण लाईनबाट विद्युतको बिस्तारको काम शुरु भएको छ। गाउँपालिका भरिमा ३३ वटा स्कुल, कलेज ,८ वटा स्वास्थ्य चौंकी र उप स्वास्थ्य चौंकी रहेका छन। माबाईल फोनको सुविधाको गाउँपालिका भरि विस्तार भएको छ भने इन्टरनेटको सुविधा भरपर्दो रहेको छैन।

## २.९ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र खासस्व योजनाको सम्वन्ध

बित्थडचिर गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रसंग सम्बन्धित अन्य कुनै कार्ययोजना बनेको अवस्था नरहेको हुँदा यस खासस्व योजनाका आधारमा अगामी दिनमा कार्यक्रम संचालन हुनेछन।

## २.१० खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

यस गाउँपलालिकामा सरकारी तथा गैर सरकारी सस्थाहरुले खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा काम गरी रहेका छन। हाल सम्म गाउँपालिकाको खासस्व योजना नभएको हुँदा संस्थाहरुको आ आपनो उदेश्य र प्राथमिकताका आधारमा काम गर्दै आएकोमा यो योजना लागु भएपछि, यसमा समावेश

भएका योजनाहरुलाई प्राथमिकतामा राखी कार्यन्वयन गर्ने संस्थाहरुलाई परिचालन गरिनेछ । यस गाउँपालिकामा हाल काम गर्दै आएका संघसंस्थाहरुको विवरण निम्नानुसार छ ।

**तालिका नं २.३ खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु**

| संघ वा संस्थाहरुको नाम | कार्य क्षेत्र | विषयगत क्षेत्र |
|---|---|---|
| RVWRMP | बित्थड चिर गा पा | खानेपानी ,सरसफाई तथा स्वच्छता , जिविकोपार्जन |
| SUAAHARA | बित्थड चिर गा पा | खानेपानी ,सरसफाई तथा स्वच्छता , पोषण कृषि |
| Multi-purpose Nutrition | सुनकुडा , देउलेख | पोषण सम्बन्धि |
| UNICEF | गाउँपालीका भरी | खानेपानी ,सरसफाई तथा स्वच्छता , पोषण |
| IDS | सुनकुडा गा.वि.स. | खानेपानी ,सरसफाई तथा स्वच्छता , पोषण |
| BIKRAM Project | स्याडी, देउलेख | |

श्रोत : समुह छलफल,२०७६

# ३. अध्याय खानेपानी, सरसफाई तथा स्वच्छता स्थिति

## ३.१ बित्थडचिर गाउँपालिकामा खानेपानीको अवस्था

### ३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरु

खासस्व निर्माणका क्रममा गरिएको नमुना घरधुरी सर्वेक्षण विधि अनुसार गाउँपालिकाका १७८ घरपरिवारको सर्वेक्षण गर्दा ९७.७५ प्रतिशत घरपरिवारहरुले खानेपानी प्रणालीको धारा, २.२५ प्रतिशत घरपरिवारहरुले असुरक्षित कुवा,खोला, खोल्सीको पानी प्रयोग गर्ने गरेको पाइयो । खानेपानी प्रणलीको धारा भएतापनि अधिकांश योजनामा खानेपानीको गुणस्तरमापन गर्ने नगरेको, श्रोत संरक्षणमा तथा संरचनाको मर्मत सम्भार र सरसफाईमा उचित ध्यान दिएको नपाईएको हुँदा गुणस्तरयुक्त पानीमा पहुँच भएका घरधुरी न्युन रहेको छ । खानेपानी, सरसफाइ तथा स्बच्छता सर्वेक्षणका क्रममा नमुना घरधुरी सर्वेक्षणको नतिजा तालिका नं ३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ३.१ गाउँपालिकाको खानेपानी आपुर्तिका श्रोतहरु

| सिं नं | खानेपानी प्रणाली | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | पाइप प्रणाली: खानेपानीको धारा | १५०.०० | ८८.७ |
| ३ | असुरक्षित श्रोत: ट्युबवेल,मूल,कुवा | १६.०० | १०.१ |
| ४ | सतही पानी: पोखरी,ताल,खोला,नदी | २.०० | १.२ |
| | जम्मा | १६८.०० | १००.० |

*श्रोत : नमुना घरधुरी सर्वेक्षण २०७६*

### ३.१.२ मौजुदा खानेपानी प्रणालीहरु

बित्थडचिर गाउँपालिकामा कुल १०३ खानेपानी योजनाको सर्वेक्षण गरिएको थियो जस मध्ये ५५ वटा योजनाबाट लक्षित गरिएका सम्पूर्ण घरधुरीले पानी प्रयोग गरेको अवस्था छ भने ३७ वटा योजनामा आंशिक घरधुरीले पानी प्रयोग गरेका छन । ६ वटा योजना निर्माणको क्रममा अधरा रहेका छन भने बाँकी योजानहरुको आंशिक संरचनाहरु इन्टेक, ट्यांकी निर्माण भएर पनि पाईपलाइन र धारा मर्मत सम्भारको अभाबमा संचालनमा नरहेको अवस्था छ । संचालनमा रहेका योजनाहरु, पुन:निर्माण भैराखेका योजना र अधुरा निर्माण योजनाको सुचि अनुसुचि १ मा समावेश गरिएको छ । मौजुदा खानेपानी प्रमालीमा २ वटा बाहेक अन्य ग्राभिटी प्रयालीका योजना रहेका छन । वडागत रुपमा खनोपानी योजना संख्या, लाभन्वित घरधुरी र जनसंख्या तलको तालिका नं ३.२ मा प्रस्तुत गरिएको छ ।

तालिका न : **३.२ वडागत रुपमा खनोपानी योजना संख्या, लाभन्वित घरधुरी र जनसंख्या**

| सि.न | वडा | जम्मा योजनाको संख्या | योजनाबाट लाभान्वित प्रस्तावित | | जम्मा निर्माण धारा संख्या | हाल संचालनमा रहेका धाराबाट लाभान्वित | |
|---|---|---|---|---|---|---|---|
| | | | जनसंख्या | घरधुरी | | जनसंख्या | प्रतिशत |
| १ | १ | २३ | ३०८९ | ३५० | ९२ | १३९६ | ४५% |
| २ | २ | १४ | १०५० | १९० | १०३ | ८६६ | ८२% |
| ३ | ३ | ८ | १०४४ | १२५ | ३१ | १५० | १४% |
| ४ | ४ | १९ | १७९९ | २१३ | ३६ | ११५६ | ६४% |
| ५ | ५ | १२ | १२६६ | १९२ | ५४ | १०९३ | ८६% |
| ६ | ६ | ११ | १३१२ | २७६ | ४८ | १०८० | ८२% |
| ७ | ७ | १० | ८१९ | १०९ | २० | ७६८ | ९४% |
| ८ | ८ | ७ | १२२३ | १६० | ४१ | १२०७ | ९९% |
| ९ | ९ | १९ | ३२३७ | २५३ | ६८ | २८१७ | ८७% |
| | जम्मा | १२३ | **१४९६५** | १८६८ | **५०६** | **१०६५९** | **७१%** |

*श्रोत : खानेपानी योजना सर्वेक्षण २०७६*

## ३.१.३ खानेपानीको पर्याप्तता

बित्थडचिर गाउँपालिकाका ९ वटै वडाको नमुना घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षणका गर्दा सबै कामका लागि पुग्छ भन्ने घरपरिवार १६.३३ प्रतिशत थिए, ५२.०४ प्रतिशत घरपरिवारले पानी पिउन र भान्साको कामका लागि मात्र पुग्छ, १४.२९ प्रतिशत घरपरिवारले पिउन, भान्सा तथा सरसफाई गर्न पुग्छ, र १७.३५ प्रतिशत परिवारले पानी पुग्दैन भनेका थिए ।




## ३.१.४ गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर

बित्थडचिर गाउँपालिकाकामा निर्माण भएका खानेपानी योजनाहरुको अवस्था सर्वेक्षण र सरसफाई, स्वच्छता सम्बन्धि नमुना घरधुरी सर्वेक्षणको तथ्याङ्क नेपाल खानेपानी, सरसफाई र स्वच्छता क्षेत्र विकास योजना (२०७४-२०८७) का आधारमा खानेपानीको स्तर विश्लेषण गर्दा समग्रमा

गाउँपालिकामा सुरक्षित र व्यवस्थित खानेपानी सेवा **०.६** प्रतिशत, आधारभूत सेवा **८९.७६ ,** सिमित सेवा १.१ प्रतिशत र सेवा नभएका ३ प्रतिशत रहेको पाईन्छ ।

तालिका न **:३.३ वडागत रुपमा खनोपानी सेवाको स्तर**

| क्रम संख्या | वडा नं | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | १ | २२ | १ | ४ | २८ |
| २ | २ | ० | ९ | १ | ० | १० |
| ३ | ३ | ० | १४ | १ | ० | १५ |
| ४ | ४ | ० | १८ | २ | १ | २१ |
| ५ | ५ | ० | १८ | ० | ० | १८ |
| ६ | ६ | ० | ११ | ० | ० | ११ |
| ७ | ७ | ० | १८ | ५ | ० | २३ |
| ८ | ८ | ० | १० | १ | ० | ११ |
| ९ | ९ | ० | २९ | ० | ० | २९ |
| जम्मा | | १ | १४९ | ११ | ५ | १६६ |
| प्रतिशत | | ०.६०२ | ८९.७६ | ६.६२७ | ३.०१२ | १०० |

## ३.१.५ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्था

यस गाउँपालिकामा रहेका १२३ वटा खानेपानी योजनाको सर्वेक्षण गरिएको थियो जसमा दुई वटा बाहेक सबै योजना ग्राभिटि प्रणालीका छन । करीब ७६.४ प्रतिशत योजनामाा पानीका श्रोत मुल छन भने २३.६ प्रतिशत खानेपानी प्रणालीका श्रोत खोला खोल्सी रहेका छन ।

उपभोक्तको जवाफका आधारमा **८८** प्रतिशत योजनाका श्रोतहरुमा बर्षभरिका लागी पर्याप्त पानी उपलब्ध रहेको छ, **६** प्रतिशत श्रोतमा ११ देखि १२ महिनालाई पुग्ने पानीको मात्रा रहेछ भने बाँकी **६** प्रतिशत श्रोतमा ११ महिना भन्दा कम समयका लागीमात्र पुग्ने पानीको वहाब रहेको छ । श्रोतमा पानी भएतापनि श्रोतको राम्रो व्यवस्थापन र संरचनाको नियमित मर्मत सम्भार नहुँदा योजनाहरुबाट लक्षित गरेका सम्पुर्ण घरधुरी लाभन्वित हुन सकेका छैनन ।

श्रोत संरक्षणको अवस्था हेर्दा करिब ४८ प्रतिशत मुलका श्रोतमात्र सुरक्षित देखिन्छ । वडागत रुपमा योजनाको संख्या, श्रोतको किसिम,पानीको उपलब्धता र श्रोत संरक्षणको अवस्था तालिका न ३.४मा प्रस्तुत गरिएको छ । साथै वडागतरुपमा खानेपानीका योजनाका संरचनाहरुको भौतिक अवस्था तालिका न ३.५ मा प्रस्तुत गरिएको छ ।

गाउँपालिकामा रहेका कुल १२३ योजनाका १२९ मुल तथा संरचनाहरुको अवस्था विश्लेषण गर्दा, करिब आधा जसो सख्यां ६६ वटा (५१ प्रतिशत) को अवस्था राम्रो रहेको छ, बाँकी ६३ वटा (४९ प्रतिशत) मुहानहरु मर्मत गर्नुपर्ने अवस्थाका रहेका छन । जसमा १९ वटा (१४.७ प्रतिशत) मुहान साधरण मर्मत सम्भार गर्नुपर्ने छन भने ३० वटा (२३.४ प्रतिशत) मुहानमा धेरैनै मर्मत सम्भार गर्नुपर्ने देखिन्छ भने बाँकी रहेका ११ वटा मुहन पुनःनिर्माण नै गर्नपर्ने अवस्थाका रहेकाछन ।

त्यसैगरी पानी प्रवाह हुने पाईप खण्डको अवस्था विश्लेषण गर्दा ८४ प्रतिशत पाईप खण्ड राम्रो अवस्थामा रहेको पाईयो भने बाँकी खण्डमा मर्मत सुधार र पुनः निर्माणको अवस्था रहेको छ ।

तालिका न :३.४ वडागतरुपमा खानेपानी योजनाका संख्या, श्रोतका किसिम,पानीको उपलब्धता र श्रोत संरक्षणको अवस्था

| वडा नं | योजना संख्या | योजनाको किसिम | | श्रोतको प्रकार | | | पानीको उपलब्धता | | | श्रोत संरक्षणको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राभिटि | कुवा | मूल | खोल्सा | खोल्साको मूल | वर्ष भरि | एघार देखि बाह्र महिना | एघार महिना भन्दा कम | सुरक्षित | जोखिमपूर्ण |
| १ | २३ | २३ | २ | १९ | ५ | ० | १९ | ३ | २ | १८ | ५ |
| २ | १४ | १४ | ० | १३ | ३ | १ | १७ | १ | ० | १२ | ४ |
| ३ | ८ | ८ | ० | ७ | २ | ० | ७ | १ | १ | ३ | ६ |
| ४ | १९ | १९ | ५ | १३ | ५ | ० | १६ | ० | २ | ११ | ७ |
| ५ | १२ | १२ | ० | ५ | ७ | ० | ८ | ३ | १ | ४ | ८ |
| ६ | ११ | ११ | ० | ९ | २ | ० | ११ | ० | ० | ३ | ८ |
| ७ | १० | १० | २ | ८ | २ | ० | १० | ० | ० | २ | ८ |
| ८ | ७ | ५ | ० | ६ | ० | १ | ७ | ० | ० | १ | ६ |
| ९ | १९ | १९ | १ | १४ | ४ | ० | १६ | ० | १ | ६ | १२ |
| जम्मा | १२३ | १२१ | १० | ९४ | ३० | २ | १११ | ८ | ७ | ६० | ६४ |
| प्रतिशत | | | | ७६% | ० | ० | ८८% | ६% | ६% | ४८% | ५२% |

तालिका न ३.५ खानेपानी योजनाका संरचनाहरुको भौतिक अवस्था

| वार्ड नं | मुहानका अवस्था | | | | | अवलोकन गरेका खण्ड | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | राम्रो | साधारण मर्मत | धेरै मर्मत गर्नु पर्ने | नया निर्माण गर्नु पर्ने | संख्या | राम्रो | साधारण मर्मत | धेरै मर्मत गर्नु पर्ने | नया निर्माण गर्नु पर्ने |
| १ | २४ | १२ | ११ | ० | १ | १८१ | १६५ | २ | १ | ४६ |
| २ | १८ | १० | १ | ३ | ४ | १६७ | १४१ | ९ | ८ | ० |
| ३ | ९ | ४ | ३ | २ | ० | ६२ | ५१ | ८ | २ | ० |
| ४ | १९ | १३ | ३ | १ | १ | ५९ | ५२ | ५ | ० | ६ |
| ५ | १२ | ४ | ४ | ३ | ० | १०६ | १०३ | ० | ० | १२ |
| ६ | ११ | ५ | ३ | २ | १ | १०१ | ६५ | ३२ | ४ | ० |
| ७ | १० | २ | १ | ४ | ३ | ३३ | १८ | १० | ५ | ० |
| ८ | ७ | ५ | ० | १ | १ | ८८ | ८५ | १ | ० | ० |
| ९ | १९ | ११ | ४ | ३ | ० | १४५ | ११२ | ३२ | ० | ० |
| जम्मा | १२९ | ६६ | १९ | ३० | ११ | ९४२ | ७९२ | २० | ९९ | ६४ |
| | प्रतिशत | ५१.२ | १४.७ | २३.३ | ८.५ | | ८४.१ | २.१ | १०.५ | ६.८ |

| वार्डनं | रिजभर टंकी | | | | | धारा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | राम्रो | साधारण मर्मत | धेरै मर्मत गर्नु पर्ने | नयाँ निर्माण गर्नु पर्ने | संख्या | राम्रो | साधारण मर्मत | धेरै मर्मत गर्नु पर्ने | नयाँ निर्माण गर्नु पर्ने |
| १ | १८ | १३ | ५ | ० | ० | ९२ | ४८ | २१ | ४ | १९ |
| २ | १४ | ११ | १ | १ | १ | ११० | ६२ | ८ | २२ | १६ |
| ३ | ७ | ५ | १ | १ | ० | ३१ | १५ | ९ | ४ | ३ |
| ४ | १० | ९ | १ | ० | ० | ३६ | २० | १० | १ | ५ |
| ५ | १३ | ११ | २ | ० | ० | ५४ | २७ | १० | ३ | १४ |
| ६ | ११ | ७ | ३ | ० | १ | ५९ | २६ | १८ | ६ | ९ |
| ७ | ४ | ३ | ० | १ | ० | २० | १ | २ | ८ | ८ |
| ८ | १० | ९ | ० | १ | ० | ४१ | २१ | ६ | ७ | ५ |
| ९ | २० | १३ | ५ | २ | ० | ७४ | १८ | १९ | १७ | १८ |
| जम्मा | १०७ | ८१ | १८ | ६ | २ | ५१७ | २३८ | ७२ | १०३ | ९७ |
| | प्रतिशत | ७६ | १७ | ६ | २ | | ४६ | १४ | २० | १९ |

कुल योजना मध्ये करीब ८० प्रतिशात योजनामा मात्र पानी संकलनका लागी रिजर्भयर ट्यांकी रहेकोमा करीब ७६ प्रतिशत मात्र राम्रो अवस्थाका रहेका छन भने बाँकी२४ प्रतिशत मर्मत सम्भार र पुन: निर्माण गर्नु पर्ने अवस्थाका रहेका छन । त्यसैगरी ४६ प्रतिशत निर्माण भएका धाराहरु राम्रो अवस्थामा रहेका छन भने बाँकी धाराको मर्मत सम्भार तथा पुन: निर्माण गर्नु पर्ने अवस्था रहेको छ

## ३.१.६ मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सूचारुपन

| प्राप्ताकंका आधारमा योजनाहरुको सूचारुपनका वर्गिकरण | |
|---|---|
| जम्मा प्राप्ताक | सूचारुपनका लागि जोखिमको स्तर |
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन |
| ६० देखि ७० | केहि जोखिम |
| ६० भन्दा कम | बढि जोखिम |

बित्थडचिर गाउँपालिकामा निर्माण भएका कुल १२३ योजनाको सुचारुपनाको जोखिम स्तर विश्लेषण गर्दा ६९ योजनहरुमा सुचारुपनाको न्युन जोखिम रहेको पाइयो भने ९ वटा योजना जोखिमयुक्त अवस्थामा रहेका रहेछन भने बाँकी ४५ बटा योजना धेरै नै जोखिमयुक्त अवस्थामा रहेको जस मध्ये ३३ वटा योजनाका धारामा पानी नै नभएको अवस्थामा भेटिए । गाउँपालिकामा निर्माण भएका योजनाहरुको कार्यक्षमता र सुचारुपनाको जोखिम स्तर तल तालिका नं.३.६ मा प्रस्तुत गरिएको छ । भने वडागत रुपमा जोखिमको स्तर अनुसार योजना संख्या तालिका नं.३.७ प्रस्तुत गरिएको छ ।

***तालिका नं ३.६ बित्थडचिर गाउँपालिकाको खानेपानी आयोजनाहरुको सुचारुपनको अवस्था:***

| सि नं | योजनाका अवस्था | योजनाका विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | जम्मा खनोपानी योजना | योजना संख्या | १२३ | १०० |
| | | धारा संख्या | ५१७ | १०० |
| | | घरधुरी संख्या | १८६८ | १०० |
| | | जनसंख्या | १५३३७ | १०० |

| सि नं | योजनाका अवस्था | योजनाका विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| २. | न्युन जोखिम भएका योजना संख्या (स्कोर ७० भन्दा बढि भएका योजनाहरु) | योजना संख्या | ६९ | ५६.१० |
| | | धारा संख्या | ३१६ | ६१.१२ |
| | | घरधुरी संख्या | ११६२ | ६२.२१ |
| | | जनसंख्या | ९५९३ | ६२.५५ |
| ३. | जोखिमयुक्त योजना ( ( स्कोर ६० र ७० को बिचमा रहेका योजनाहरु) | योजना संख्या | ९ | ७.३२ |
| | | धारा संख्या | ७० | १३.५४ |
| | | घरधुरी संख्या | २०४ | १०.९२ |
| | | जनसंख्या | १५७७ | १०.२८ |
| ४. | धेरै जोखिमयुक्त योजना ( ( स्कोर ६० भन्दा कम रहेका योजनाहरु) | योजना संख्या | ४५ | ३६.५९ |
| | | धारा संख्या | १३१ | २५.३४ |
| | | घरधुरी संख्या | ५०२ | २६.८७ |
| | | जनसंख्या | ४१६७ | २७.१७ |

तालिका नं.३.७ वडागतरुपमा खानेपानी योजनाहरुको सूचारुपनाको अवस्था

| वडा नं | कूल योजना संख्या | न्यून जोखिम भएका योजना संख्या | जोखिमयुक्त योजना संख्या | धेरै जोखिमयुक्त योजना संख्या |
|---|---|---|---|---|
| १ | २३ | ११ | १ | ११ |
| २ | १४ | ७ | २ | ५ |
| ३ | ८ | १ | १ | ६ |
| ४ | १९ | ६ | २ | ११ |
| ५ | १२ | ९ | ० | ३ |
| ६ | ११ | ६ | १ | ४ |
| ७ | १० | ६ | १ | ३ |
| ८ | ७ | ७ | ० | ० |
| ९ | १९ | १६ | १ | २ |
| जम्मा | १२३ | ६९ | ९ | ४५ |

## ३.१.७ खानेपानी प्रणालीहरुको दिगोपना

| प्राप्ताकंका आधारमा योजनाहरुको दिगोपनाको वर्गिकरण | |
|---|---|
| जम्मा प्राप्ताक | दिगोपनाका लागि जोखिमको स्तर |
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन |
| ६० देखि ७० | केहि जोखिम |
| ६० भन्दा कम | बढि जोखिम |

बित्थडचिर गाउँपालिका भित्र संचालनमा आएका र निर्माणाधिन गरी १२३ वटा खानेपानी तथा सरससफाई योजनाहरुको संस्थागत दिगोपना अध्ययन गरिएको थियो । जम्मा ८७ समिति सरकारी निकायमा दर्ता भएकोमा ६६ वटा मात्र खानेपानी तथा सरसफाई उपभोक्ता सिमति जिल्ला जलश्रोत समितिमा दर्ता भएका थिए । १३ वटा समितिमा महिला सदस्यको संख्या ३३ प्रतिशत भन्दा बढि पाईयो । कुनै पनि समितिको कार्यलयको व्यवस्था भएको रहेनछ भने ४ वटा समितिले मात्र मर्मत सम्भार कार्यकर्ताको सेवा लिएको र १ वटा समितिमा मात्र हिसाब किताब राख्ने कर्मचारी राखेको भेटियो । २३ वटा समितिमा नियमित बैठक गर्ने गरेको जवाफ पाईयो भने १९ वटा समितिको बैंक खात रहेको १४ वटा समितिले वार्षिक साधारण सभा गरेको, १० वटा समितिले अडिट गर्ने गरेको, २ वटा समितिले पानी महशुल उठाउने गरेका, ८ वटा समितिमा योजना संचालन निर्देशिका भएको, ३ वटा समितिमा मर्मत सम्भारका लागी आवश्यक औजार रहेछ ।

समग्रमा यस गाउँपालिकाको खानेपानी प्रणालीको दिगोपनाको अवस्था निकै कमजोर र चिन्ताजनक अवस्थाको देखिन्छ । कुल योजनाको संख्याको हिसाबले ६.५ प्रतिशत योजना मात्र दिगोरुपले संचालन हुने देखिन्छ जसवाट कुल लाभन्वित जनसंख्याको १०.६५ प्रतिशतले मात्र सेवा पाउन सक्छन । कुल योजनाको ४२.८ प्रतिशत योजनाहरु दिगोरुपमा संचालन हुनमा जोखिमयुक्त देखिन्छन भने बाँकी ५१.२२ प्रतिशत योजना धैरै नै जोखिमयुक्त देखिन्छन । जोखिमयुक्त र धेरै जाखिमयुक्त योजनाहरुका लाभन्वित जनसंख्या ८९.३५ प्रतिशत हुन आउँछ ।

समग्र गाउँपालिकाका योजनाहरुको दिगोपना मूल्याङ्कन गर्दा प्राप्त नतिजा तालिक नं.३.७ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.७ बित्थडचिर गाउँपालिकाको खानेपानी प्रणालीहरुको दिगोपनको अवस्था:

| सि नं | योजनाका अवस्था | योजनाका विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | जम्मा खनोपानी योजना | योजना संख्या | १२३ | १००% |
| | | धारा संख्या | ५१७ | १००% |
| | | घरधुरी संख्या | १८६८ | १००% |
| | | जनसंख्या | १५३३७ | १००% |
| २. | न्यून जोखिम भएका योजना संख्या(स्कोर ७० भन्दा बढि भएका योजनाहरु) | योजना संख्या | ८ | ६.५% |
| | | धारा संख्या | ४१ | ७.९३% |
| | | घरधुरी संख्या | २०४ | १०.९२% |
| | | जनसंख्या | १६३३ | १०.६५% |

| सि नं | योजनाका अवस्था | योजनाका विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ३. | जोखिमयुक्त योजना (स्कोर ६० र ७० को बिचमा रहेका योजनाहरु) | योजना संख्या | ५२ | ४२.२८% |
| | | धारा संख्या | २१६ | ४१.७८% |
| | | घरधुरी संख्या | ८०१ | ४२.८८% |
| | | जनसंख्या | ५४१३ | ३५.२९% |
| ४. | धेरै जोखिमयुक्त योजना (स्कोर ६० भन्दा कम रहेका योजनाहरु) | योजना संख्या | ६३ | ५१.२२% |
| | | धारा संख्या | २६० | ५०.२९% |
| | | घरधुरी संख्या | ८६३ | ४६.२% |
| | | जनसंख्या | ८२९१ | ५४.०६ |

तालिका नं **३.८** खानेपानी उपभोक्ता समितिको संस्थागत क्षमता

| सि.नं | सूचक | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला प्रतिनिधित्व ३३ प्रतिशत भन्दा बढी भएका उपभोक्ता समितिको संख्या | १३ | १०.५ |
| २ | आफ्नै कार्यालय भएका उपभोक्ता समितिको संख्या | ० | ०.० |
| ३ | जिल्ला जलस्रोत समितिमा दर्ता भएका उपभोक्ता समितिको संख्या | ६६ | ५३.६ |
| ४ | पानी महशुल लिने गरेका उपभोक्ता समितिको संख्या | २ | १.६ |
| ५ | बैंक खाता संचलान गरेका उपभोक्ता समितिको संख्या | १९ | १५.४४ |
| ६ | मर्मत सम्भार कार्यकर्ताको सेवा लिने गरेका उपभोक्ता समितिको संख्या | ४ | ३.२५ |
| ७ | मर्मत सम्भारका लागि औजार भएका उपभोक्ता समितिको संख्या | ३ | २.९ |
| ८ | मर्मत सम्भार कार्यकर्तालाई पारिश्रमिक व्यवस्था गरेका उपभोक्ता समितिको संख्या | ४ | २.९ |
| ९ | संचालन खर्च आम्दानीको ७५ प्रतिशत भन्दा कम भएका उपभोक्ता समितिको संख्या | १५ | १४.६ |
| १० | नियमित बैठक गर्ने उपभोक्ता समितिको संख्या | २३ | १८.७ |
| ११ | नियमित बार्षिक साधारण सभा गर्ने उपभोक्ता समितिको संख्या | १४ | ११.४ |
| १२ | खाता पाता राख्ने लेखापाल भएका उपभोक्ता समितिको संख्या | १ | ०.८ |
| १३ | कार्य संचालन निर्देशिका भएका र सो बमोजिम संचालन भएका खानेपानी उपभोक्ता समिति संख्या | ३ | २.९ |
| १४ | आय आर्जन क्रियाकलापका लागि पानी प्रयोग गर्ने गरेका खाने पनि उपभोक्ता समिति संख्या | ५६ | ५४.४ |
| १५ | नियमित लेखा परीक्षण गर्ने गरेका खानेपानी उपभोक्ता समिति संख्या | १० | ८.१३ |
| १६ | खानेपानी योजनाको बिमा गर्ने गरेका खानेपानी उपभोक्ता समिति को संख्या | ० | ०.० |

### ३.१.८ खानेपानीको गुणस्तर तथा खानेपानी सुरक्षा योजना

यस गाँउपालिकामा खानेपानीको मुख्य श्रोत भनेका जंगल क्षेत्रमा रहेका मुलहरु नै भएको हुँदा मुलमा पानीको गुणस्तरमा खासै समस्या नभएता पनि मुलको संरक्षणमा प्रयाप्त ध्यान दिइएको पाईएन साथै इन्टेक, रिर्जरभयर ट्यांकी लागयतका संरचनाको नियमित सरसफाई भएको देखिदैन जसले गर्दा प्रयोग भएको खानेपानी गुणस्तरयुक्त छ, भनि ढुक्क हुने अवस्था भेटिएन। नियमित पानी परिक्षणको व्यवस्था नहुँदा बर्षायातमा पानीमा प्रदुषणको खतरा देखियो भने पानी संकलन,भण्डारण र पिउनु भन्दा अगाडी गर्नु पर्ने शुद्धिकरणमा समुदायले उचित ध्यान दिइएको पाईएन। प्रत्येक खानेपानी योजनामा नियमित खानेपानी परिक्षणको व्यवस्था, श्रोत संरक्षण, खानेपानी भण्डारण र शुद्धिकरणका उपायहरुमा जन चेतना अभिवृद्धि गरी सुरक्षित खानेपानी योजना बनाई कार्यान्वयन गर्नु पर्ने खांचो देखियो।

नियमित रुपमा खानेपानीको गुणस्तर परिक्षण हुने गरेको नभएतापनि, आपुर्ति भैराखेको खानेपानीको गुणस्तरका सम्बन्धमा आम उपभोक्ताको धारणा के कस्तो रहेको छ भनि सर्वेक्षण गर्दा ८९ प्रतिशत उत्तरदाताले पिउन योग्य छ , ११ प्रतिशतले पिउन योग्य छैन र बाँकी १ प्रतिशतलाई गुणस्तर बारे थाहा छैन भन्ने जवाफ प्राप्त भयो।

त्यसैगरी उपभोक्ताले पानी शुद्धिकरण गरेर प्रयोग गर्छन कि गर्दैनन भनि गरिएको सर्वेक्षणमा ७१.९ प्रतिशत घर परिवारले पानी शुद्धीकरण नगरी प्रयोग गर्ने गरेका, २५ प्रतिशत घरपरिवारले पानी कहिलेकाँही मात्र शुद्धीकरण गरेर प्रयोग गर्ने र ३ प्रतिशत परिवारले सधैं शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको बताएका छन्।

### ३.१.९ हाल सम्मा खानेपानी पहुँच नपुगेका वस्तीहरुको विवरण

खानेपानी सम्म खानेपानीकामा पहुँच नपुगेका वस्तीको संख्या २० रहेको छ जहाँ ५८४ घरधुरीमा सहजरुपमा पानीको पहुँच छैन। वस्तीको नाम र घरधुरीको विवरण अनुसुचि ५मा संग्लन छ।

## ३.२ शैक्षिक तथा स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

### ३.२.१ गाउँपालिका भित्रका शैक्षिक संस्थाहरु

बित्थडचिर गाउँपालिकामा ३१ वटा सामुदायिक र २ वटा निजि संस्थागत गरी कुल ३३ वटा शैक्षिक संस्थाहरु रहेका छन, जसमध्ये ५ वटा माध्यमिक तह, एक वटा कलेज र २९ वटा बाल बिकास केन्द्र र आधारभूत तह रहेका छन। जसमा कूल ४००२ जना विद्यार्थी अध्ययन गर्दछन। २२८ शिक्षक शिक्षिका र कर्मचारी रहेका छन। वडागतरुपमा विद्यालय संख्या, विद्यार्थी तथा शिक्षक, शिक्षिका र कर्मचारी संख्या तालिका नं ३.९ मा प्रस्तुत गरिएको छ।

तालिका नं ३.९ वडागतरुपमा रहेका शैक्षिक संस्थाहरुको सारांश विवरण

| वडा न | विद्यालय विवरण | | | तह | | | | विद्यार्थी संख्या | | | शिक्षक तथा कर्मचारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | वाल शिक्षा आधारभूत तह | मावि तह | क्याम्पस / कलेज | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पूरुष | जम्मा |
| १ | ५ | ० | ५ | ४ | १ | ० | ५ | ६०४ | ६३७ | १२४१ | ३६ | १४ | ५० |
| २ | ५ | १ | ६ | ५ | १ | ० | ६ | ६७० | ७१७ | १३८७ | ४१ | २२ | ६३ |
| ३ | ३ | ० | ३ | ३ | ० | ० | ३ | १८६ | ११३ | २९९ | १२ | ६ | १८ |
| ४ | ५ | १ | ६ | ५ | १ | ० | ६ | ७९० | ८०३ | १५९३ | ५० | १३ | ६३ |
| ५ | ३ | ० | ३ | ३ | ० | ० | ३ | ४०९ | ३५७ | ७६६ | १९ | ५ | २४ |
| ६ | १ | ० | १ | १ | ० | ० | १ | ५२ | ५६ | १०८ | ३ | २ | ५ |
| ८ | ३ | ० | ३ | ३ | ० | ० | ३ | १४५ | १२८ | २७३ | ७ | ३ | १० |
| ९ | ६ | ० | ६ | ४ | २ | १ | ६ | ११४६ | १०९५ | २२४१ | ६० | १४ | ७४ |
| जम्मा | ३१ | २ | ३३ | २८ | ५ | १ | ३३ | ४००२ | ३९०६ | ७९०८ | २२८ | ७९ | ३०७ |

### ३.२.२ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधाको अवस्था

बित्थडचिर गाउँपालिकाको ३३ वटा सामुदायिक र ५ वटा निजि संस्थागत गरी कुल ३८ वटा शैक्षिक संस्थाहरु रहेका छन, जस मध्ये १ वटा कलेज, ५ वटा माध्यमिक तह, १ बाल बिकास केन्द्र र ३१ वटा आधारभुत तह रहेका छन । ३८ मध्ये २९ वटा विद्यालयहरुमा खानेपानीको आफ्नो श्रोत रहेको छ भने १७ वटा विद्यालयमा मात्र सबै बालबालिकाहरुको पहुँच सहितको पिउने र सरसफाईका लागी पर्याप्त मात्रामा पानीको उपलब्धता रहेको छ । १९ वटा विद्यालयमा पानी भण्डारण गर्ने सुविधा छ भने ७ वटा विद्यालयमा खानेपानी शुद्धिकरण गर्ने गरिएको साथै वर्षमा कम्तिमा दुई पटक पानीको गुणस्तर परिक्षण गर्ने गरिएको पाईयो । सर्वेक्षणमा प्राप्त शैक्षिक संस्थाहरुमा खानेपानीको अवस्था तलको तालिका नं ३.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३.१० शैक्षिक संस्थाहरुमा खानेपानीको सुविधाको अवस्था**

| क.स | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | जम्मा विद्यालय संख्या | संख्या | ३८ | ५ वटा निजि सहित |
| २ | आफ्नै खानेपानी श्रोत भएका विद्यालय | संख्या | २९ | |
| ३ | बाल बालिका सहित सबै जनाका लागी खानेपानी तथा सरसफाईका लागी पर्याप्त पानी भएका विद्यालय | संख्या | १७ | |
| ४ | पानी भण्डारणको सुविधा भएका विद्यालय | संख्या | १९ | |
| ५ | पानी शुद्धिकरण गर्ने सुविधा भएका विद्यालय | संख्या | ७ | |
| ६ | बर्षमा कम्तिमा दुई पटक पानीको गुणस्तर परिक्षण गर्ने गरेका विद्यालय संस्था | संख्या | ७ | |

### ३.२.३ स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

बित्थडचिड गाउँपालिकामा ८ वटा स्वास्थ्य चौकी तथा उपस्वस्थ्य चौकी र ३ वटा प्रसुति केन्द्रगरी जम्मा ११ वटा स्वस्थ्य संस्थाहरु रहेका छन भने । सर्बेक्षण गरिएका ८ वटा संस्थामा खानेपानी सुविधा उपलब्ध छ तर चौविसै घण्टा खानेपानीको सुविधा ३ वटामा मात्र रहेको पाईयो । सात वटा संस्थामा पिउनका लागी शुद्धिकरण गर्ने गरेको पाईयो भने एक वटा संस्थामा कहिलेकाँही मात्र गरिन्छ भन्ने जवाफ पाईयो । तीन वटा संस्थामा अपांगता भएकालाई खानेपानीको सहज पहुँच पाईएन भने

तीन वटा संस्थामा भण्डारणको सुविधा पनि छैन । गाउँपालिकाका समग्र स्वास्थ्य संस्थाहरुको खानेपानीको अवस्था तलको तालिका नं ३.११ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ३.११ स्वास्थ्य संस्थाहरुमा खानेपानीको सुविधाको अवस्था

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | नियमित खानेपानी सेवा | २४ सै घण्टा उपलब्धता | सुरक्षित श्रोतको खानेपानी सेवा | पिउनका लागि शुद्धिकरण गरिएको | खानेपानीको गुणस्तर परिक्षण गरिएको | अपांगता भएको व्यक्तिहरुलाइ सुबिधा भएको | खानेपानी भण्डार सुबिधा भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बित्थड आ स्वा सेवा केन्द्र | प्राइमरी हेल्थ केयर सेन्टर | १ | छ | हुँदैन | छ | कहिले काहींमात्र | गरेको छैन | छैन | छ |
| २ | सामुदायिक स्वास्थ्य सेवा केन्द्र | हेल्थ केयर क्लिनिक | २ | छ | हुँदैन | छ | संधै गरिन्छ | गरेको छ | छ | छ |
| ३ | स्याडा स्वास्थ्य चौकी | प्राइमरी हेल्थ केयर सेन्टर | २ | छ | हुन्छ | छ | संधै गरिन्छ | गरेको छ | छ | छ |
| ४ | देउलेक प्राथमिक स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | ४ | छ | हुँदैन | छ | संधै गरिन्छ | गरेको छ | छ | छैन |
| ५ | देउलेक आधारभुत स्वास्थ्य संस्था | प्राइमरी हेल्थ केयर सेन्टर | ४ | छ | हुँदैन | छ | संधै गरिन्छ | गरेको छ | छैन | छ |
| ६ | देउलेक स्वास्थ्य चौकी | प्राइमरी हेल्थ केयर सेन्टर | ५ | छ | हुन्छ | छ | संधै गरिन्छ | गरेको छ | छैन | छ |
| ७ | सामूदायिक स्वास्थ्य इकाई धारी | हेल्थ केयर क्लिनिक | ९ | छ | हुन्छ | छ | संधै गरिन्छ | गरेको छैन | छ | छैन |
| ८ | सुनकुडा उप स्वास्थ्य चौकी | प्राइमरी हेल्थ केयर सेन्टर | ९ | छ | हुँदैन | छ | संधै गरिन्छ | गरेको छ | छ | छ |

## ३.२.४ शैक्षिक संस्थाहरुमा सरसफाई तथा स्वच्छता अवस्था

बित्थडचिर गाउँपालिकामा हाल कुल ३८ वटा शैक्षिक संस्थाहरु रहेका छन । उक्त संस्थाहरुमा संस्थागत सरसफाई तथा स्वच्छताका सम्वन्धमा शैक्षिक संस्थाका शौचालयहरुमा पानीको उपलब्धता, शौचालयको पर्याप्तता, सावुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन आदि सुचक राखेर अध्ययन गरिएको थियो ।

### ३.२.४.१ शैक्षिक संस्थाहरुमा शौचालयको अवस्था

यस गाउँपालिकामा रहेका सम्पुण विद्यालयहरुमा छात्र, छात्राका लागी छुटटै शौचालयको सुविधा रहेको पाइयो तर राष्ट्रिय मापदण्ड अनुसार शौचालयको संख्या, प्रयोगकर्ता मैत्री र सरसफाईको अवस्था राम्रो भएको पाईएन । कुल ३३ वटा विद्यालयहरु सर्बेक्षण मध्ये २६ वटा विद्यालयमा सुधारिएका शौचालय रहेछन, २ वटा विद्यालयमा राष्ट्रिय मापदण्ड अनुसारको विद्यार्थी अनुपातमा शौचालय संख्या रहेका रहेछन भने, लैङ्गिक हिसाबले सुरक्षित २३, बालमैत्री २६ वटा र अपाङ्गतामैत्री शौचालय भएका विद्यालय संख्या १२ वटा रहेका छन ।

शौचालयहरुको स्थलगत अवलोकन गर्दा कुल ३३ वटा विद्यालयहरु मध्ये ६ वटा विद्यालयको शौचालय निकै सफा, १९ वटा विद्यालयको शौचालय सफा राम्रो र ८ वटा विद्यालयको शौचालयको अवस्था

निकै खराव रहेको पाइयो । वडागतरुपमा विद्यालयहरुको शौचालयको अवस्था तालिका नं ३.१२ म प्रस्तुत गरिएको छ ।

तालिका न ३.१२ वडागतरुपमा विद्यालयका शौचालयको अवस्था

| वडान. | शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | छात्राका लागि छुट्टैशौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | सुधारीएको शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | राष्ट्रिय मापदण्ड अनुसार शौचालय विद्यार्थी अनुपात (१:४०) भएका | | शौचालय प्रयोगकर्ता मैत्री भएका | | | | यूरीनल सुबिधा भएका विद्यालय संख्या | | स्यानीटरी प्याड ब्यवस्थापन गर्ने इन्सीनेटर भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | लैगिंक हिसावले | बालमैत्रि | अपागंता मैत्री | वातावरण मैत्री रहेका | छात्रा | छात्र | |
| १ | ५ | ५ | ४ | ० | ० | ३ | ५ | १ | १ | ० | २ | १ |
| २ | ६ | ६ | ६ | ० | ० | ४ | ५ | ३ | १ | ३ | ३ | २ |
| ३ | ३ | ३ | ३ | १ | १ | २ | ३ | ० | २ | २ | १ | १ |
| ४ | ६ | ६ | ३ | ० | ० | ५ | ५ | १ | ० | ५ | ५ | २ |
| ५ | ३ | ३ | ३ | ० | ० | ३ | १ | ३ | २ | २ | ० | ० |
| ६ | १ | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० |
| ८ | ३ | ३ | ३ | १ | १ | ३ | १ | १ | १ | ० | २ | ० |
| ९ | ६ | ६ | ४ | ० | ० | २ | ५ | ३ | १ | २ | १ | ० |
| जम्मा | ३३ | ३३ | २६ | २ | २ | २३ | २६ | १२ | ८ | १४ | १४ | ६ |

## ३.२.४.२ महिनावारी स्वच्छता

२१ वटा विद्यालयमा छात्राहरु महिनावारी हुँदा संधै विद्यालयमा आउने गरेका रहेछन भने ६ वटा विद्यालयमा मात्र स्यानीटरी प्याडको व्यवस्थापन गर्न इन्सीनेरेटर रहेका छन । ५ वटा विद्यालयमा स्यानीटरी प्याडको व्यवस्था गरेको गरिएको छ भने कुनैपनि विद्यालयमा छात्राहरुलाई पुन: प्रयोग गर्न सकिने स्यानीटरी प्याड निर्माणको तालिम प्रदान गरेको पाईएन ।

तालिका नं ३.१३ महिनावारी स्वच्छता सम्बन्धी विवरण

| वडा न. | स्यानीटरी प्याड ब्यवस्थापन गर्ने इन्सीनेटर भएको | स्यानीटरी प्याड ब्यवस्था गरेका विद्यालय | छात्राहरुलाइ पून: प्रयोग गर्ने सकिने स्यानीटरी प्याडनिर्माण तालिम प्रदान गरिएको | छात्राहरु सधै र सबै विद्यालय आउने गरेका छन । |
|---|---|---|---|---|
| १ | १ | २ | ० | ४ |
| २ | २ | १ | ० | ३ |
| ३ | १ | ० | ० | १ |
| ४ | २ | २ | ० | ५ |
| ५ | ० | ० | ० | ३ |
| ६ | ० | ० | ० | १ |
| ८ | ० | ० | ० | ० |
| ९ | ० | ० | ० | ४ |
| जम्मा | ६ | ५ | ० | २१ |

### ३.२.४.३ विद्यालयमा समुहगत हातधुने व्यवस्था

समुहगत हातधुने सुविधा भएका र प्रयोग पनि भएका जम्मा २ वटा विद्यालय भएको पाईयो भने धारा विद्यार्थीको अनुपात राष्ट्रिय मापदण्ड अनुसार भएका विद्यालयको संख्या जम्मा ८ वटा रहेका छन तर हात धुने स्थानमा साबुन र पानीको नियमित व्यवस्था भएको कहि पनि पाईएन । ४ वटा विद्यालयले फोहर पानीको सुरक्षित निकास तथा व्यवस्थापन गरेको भेटियो । माथी उल्लेख गरिएका तथाङ्क वडागतरुपमा तलको तालिका नं.३.१४.मा प्रस्तुत गरिएको छ ।

तालिका नं.३.१४ वडागतरुपमा विद्यालयमा भएको हातधुने व्यवस्था र फोहर पनीको विसर्जन अवस्था

| वडा नं. | समुहगत हातधुने सुविधा भएका तथा प्रयोगमा आएका | राष्ट्रिय मापदण्ड अनुसार धारा विद्यार्थी अनुपात (१:५०) भएका | समुहगत हातधुने स्थानमा साबुन र पानीको नियमित ब्यवस्था भएका | फोहरपानीको सुरक्षित निकास तथा ब्यवस्थापन भएको |
|---|---|---|---|---|
| १ | ० | १ | ० | १ |
| २ | ० | २ | ० | ० |
| ३ | ० | २ | ० | १ |
| ४ | १ | २ | ० | १ |
| ५ | ० | १ | ० | ० |
| ६ | ० | ० | ० | ० |
| ८ | १ | ० | ० | १ |
| ९ | ० | ० | ० | ० |
| जम्मा | २ | ८ | ० | ४ |

### ३.२.४.४ वातावरणीय सरसफाई

विद्यालयको वातावरणीय संस्थाको विश्लेषण गर्दा २३ वटा विद्यालयले ठोस फोहरलाई डष्टबिनमा संकलन गरि सुरक्षित तवरले विसर्जन गर्ने गरेका रहेछन भने १७ वटा विद्यालयले कुहिने र नकुहिने ठोस फोहरलाई छुटा छुटै डष्टबिनमा संकलन गरि सुरक्षित तवरले विसर्जन गर्ने गरेको पाईयो । ११ वटा विद्यालयमा फोहरको पुन: प्रयोग तथा पुन:चक्रण पद्धती लागु गरेका रहेछन, १२ वटा विद्यालयका परिसरमा फूलरोपी बगैचा निर्माण गरेको तथा खाली जमिनमा वृक्षारोपण र करेसाबारी बनाईएको पाईयो । वडागत तथाङ्क तलको तालिका नं.३.१५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ३.१५ वडागतरुपमा विद्यालयको वातवरणीय अवस्था

| वडा नं. | ठोस फोहरलाइ डस्टबिनमा संकलन गरि सुरक्षित विसर्जन गर्ने | कुहिन र नकुहिनेको अलग अलग संकलन गरि सुरक्षित विसर्जन गर्ने | फोहरकोपुनः प्रयोग तथा पुन चक्रण पद्धती लागु गरिएका | विद्यालय क्षेत्र खुला दिसा मुक्त रहेको | विद्यालय परिसरमा फूल रोपी बगैचाको ब्यवस्थापन गरिएको | विद्यालयका खाली जमिनमा बृक्षारोषणा बगैचा र करेसांवारी बनाईएको |
|---|---|---|---|---|---|---|
| १ | ४ | २ | ० | ४ | २ | २ |
| २ | ५ | ४ | ३ | ६ | १ | १ |
| ३ | ३ | २ | ० | ३ | ० | ० |
| ४ | ५ | ४ | ४ | ५ | ३ | ३ |
| ५ | ० | ० | ० | ३ | ३ | १ |
| ६ | १ | १ | १ | ० | ० | ० |
| ८ | २ | १ | १ | ३ | १ | १ |
| ९ | ३ | ३ | २ | ५ | २ | ४ |
| जम्मा | २३ | १७ | ११ | २९ | १२ | १२ |

## ३.२.४.५ व्यवस्थापन तथा संस्थागत अवस्था

विद्यालयको व्यवस्थापन तथा संस्थागत अवस्थालाई विश्लेषण गर्दा २८ प्रतिशत विद्यालयमा बाल क्लब र विद्यालयमा वास समिति गठन भएको, ४० प्रतिशत विद्यालयले वास कार्य योजना भएको, १४ प्रतिशत विद्यालयमा नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था भएको, २६ प्रतिशत विद्यालयमा मर्मत सम्भारकालागी आवश्यक सिप तथा जगेडा औजार रहेको र १९ प्रतिशत विद्यालयलमा नियमित रुपमा शौचालय, पानी ट्यांकी हात धुने स्थानको सरसफाई गर्ने गरेको पाईयो ।

तालिका ३.१६ व्यवस्थापन तथा संस्थागत अवस्था सम्बन्धि विवरण

| वडा नं. | बाल क्लब र बिधालय खानेपानी सरसफाइतथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालयको खानेपानी सरसफाइतथा स्वच्छर्ता योजना भएको | नियमित ममत सम्भारका लागि मर्मत सम्भार कोषकोव्यवस्था भएको | आवश्यक सीप र जगेडा औजारहरुको व्यवस्था भएको | नियमित रुपमा तालिका अनुसार शौचालय पानी टंकी फिल्टर र हातधुने ठाउँको सरसफाइगर्ने गरिएको |
|---|---|---|---|---|---|
| १ | ४ | ४ | ० | ० | ३ |
| २ | ५ | ५ | १ | १ | ४ |
| ३ | ३ | ३ | ० | ० | ३ |
| ४ | ५ | ३ | ३ | ३ | ४ |
| ५ | १ | ० | ० | ० | ० |
| ६ | १ | १ | ० | ० | ० |
| ८ | १ | १ | ० | ० | १ |
| ९ | ४ | ३ | १ | १ | १ |
| जम्मा | २४ | २० | ५ | ५ | १६ |
| प्रतिशत | ७३ | ६१ | १५ | १५ | ४८ |

श्रोत : विद्यालय सर्बेक्षण,२०७६

## ३.२.५ स्वास्थ्य संस्थाहरुमा सरसफाई तथा स्वच्छताको अवस्था

### ३.२.५.१ शौचालयको अवस्था

बित्थडचिर गाउँपालिकामा सरकारी स्वास्थ्य संस्थाहरु ८ वटा रहेका छन् र पर्याप्त मात्रामा नभए पनि सबै स्वास्थ्य संस्थाहरुमा सुधारिएको शौचालय भएको पाईयो तर दुईटा संस्थामा मात्र महिलाको लागी छुट्टै शौचालय रहेछन भने कुनैपनि सस्थामा महिला पुरुष युरिनलको व्यवस्था रहेनछ। तीन वटा संस्थामा विरामी र स्टाफका लागी छुट्टा छुट्टै शौचालय रहेका छन भने २ वटा स्वास्थ्य संस्थामा वालमैत्री, २ वटामा महिलामैत्री र १ वटामा मात्र अपाङ्गतामैत्री शौचालय रहेकाछन। चार वटा संस्थाका शौचालय नजिक छुट्टै हात धुने स्थान बनाइएको छ। स्वास्थ्य संस्थाका शौचालयको अवस्था तालिका नं ३.१७.मा प्रस्तुत गरिएको छ।

तालिका नं ३.१७ .स्वास्थ्य संस्थामा शौचालयको अवस्था

| सि. नं | स्वास्थ्य संस्थाको नाम | वडा नं | सुधारिएका शौचालय | | | शौचालय छ भने | | | | शौचालय प्रयोगकर्ता मैत्री | | | शौचालयमा ह्यान्ड वाशिंग स्टेशन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | जम्मा संख्या | प्रयोगमा रहेको संख्या | महिलाका लागि शौचालय | बिरामीका लागि छुट्टै | स्टाफका लागि छुट्टै शौचालय | सबसाधारणका लागि छुट्टै शौचालय भएको | बालबालिका लागि | महिलाका लागि | अपांगता भएको | |
| 1 | बित्थड आ स्वा सेवा केन्द्र | १ | छ | १ | १ | छैन | ० | ० | ० | छ | छैन | सक्दैनन | छैन |
| 2 | सामुदायिक स्वास्थ्य सेवा केन्द्र | २ | छ | १ | १ | छैन | ० | ० | ० | छैन | छैन | सक्दैनन | छैन |
| 3 | स्याडा स्वास्थ्य चौकी | २ | छ | २ | १ | छैन | १ | १ | ० | छ | छैन | सक्दैनन | छ |
| 4 | देउलेकप्राथमिक स्वास्थ्य केन्द्र | ४ | छ | ४ | ४ | छ | २ | २ | ० | छ | छ | सक्दैनन | छ |
| 5 | दउलकआधारभुत स्वास्थ्य सस्था | ४ | छ | ४ | ४ | छ | २ | २ | ० | छ | छ | सक्दैनन | छैन |
| 6 | देउलेकस्वास्थ्य चौकी | ५ | छ | १ | १ | छैन | ० | ० | ० | छ | छैन | सक्दैनन | छैन |
| 7 | सामूदायिक स्वास्थ्य इकाई धारी | ९ | छ | १ | १ | छैन | ० | ० | ० | छ | छैन | सक्छन | छ |
| 8 | सुनकुडाउपस्वास्थ्य चौकी | ९ | छ | १ | १ | छैन | ० | ० | ० | छैन | छैन | सक्दैनन | छ |

### ३.२.५.२ स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन

सर्वेक्षण गरिएका ८ वटा स्वास्थ्य संस्था मध्ये ३ वटा स्वास्थ्य संस्थामा ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था गरिएको छ भने ७ वटा स्वास्थ्य संस्थामा ठोस फोहोरको खाल्टोमा गाडेर सुरक्षितरुपमा विसर्जन गर्ने गरिएको छ। एक वटा स्वास्थ्य चौकीमा कुनैपनि प्रक्रिया नअपनाई फोहर विसर्जन गर्ने गरेको पाईयो।

पुन: प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरणका लागी ३ वटा स्वास्थ्य संस्थामा पानीको बाफको दवाबमा स्तरीय मेशिनको प्रयोग गरेर गर्ने गरिएको रहेछ भने ३ वटा संस्थामा स्थानिय विधिबाट निर्मलिकरण गर्ने गरेको र बाँकी १ वटामा रसायनिक विधिबाट गर्ने गरिएको छ। स्वास्थ्य संस्थामा फोहरमैला व्यवस्थापनमा अपनाएका विधिहरु तालिका न ३.१८ मा प्रस्तुत गरिएको छ।

## तालिका नं ३.१८ स्वास्थ्य संस्थामा फोहरमैला व्यवस्थापन

| सि.नं | स्वास्थ्य संस्थाको नाम | वडा नं | ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था गरिएको | ठोस फोहोरको सुरक्षित निर्मलिकरण गर्न गरिएको | ठोस फोहोरको सुरक्षित रुपमा विसर्जन गर्न गरेको | पून. प्रयोग गर्न मिल्ने औंजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंग गर्ने गरेको |
|---|---|---|---|---|---|---|
| 1 | बित्थड आ स्वा सेवा केन्द्र | 1 | छ | गरिदैन | गाढेर | स्थानीय तारिकाबाट अटो क्लेभिंग गर्ने गरेको |
| 2 | सामुदायिक स्वास्थ्य सेवा केन्द्र | 2 | छैन | गरिन्छ | गाढेर | तोकिएको मासिन बाट अटो क्लेभिंग गर्ने गरेको |
| 3 | स्याडा स्वास्थ्य चौकी | 2 | छैन | गरिदैन | गाढेर | रासायनिक बिधि |
| 4 | देउलेकप्राथमिक स्वास्थ्य केन्द्र | 4 | छैन | गरिन्छ | रसायनिक निर्मुलिकरण ) | तोकिएको मासिन बाट अटो क्लेभिंग गर्ने गरेको |
| 5 | देउलेकआधारभुत स्वास्थ्य संस | 4 | छ | गरिन्छ | गाढेर | तोकिएको मासिन बाट अटो क्लेभिंग गर्ने गरेको |
| 6 | देउलेकस्वास्थ्य चौकी | 5 | छ | गरिदैन | कुन प्रक्रियागत बिधि नअपनाउने | अन्य |
| 7 | सामूदायिक स्वास्थ्य इकाई धारी | 9 | छैन | गरिन्छ | गाढेर | स्थानीय तारिकाबाट अटो क्लेभिंग गर्ने गरेको |
| 8 | सुनकुडा उप स्वास्थ्य चौकी | 9 | छैन | गरिदैन | गाढेर | स्थानीय तारिकाबाट अटो क्लेभिंग गर्ने गरेको |

## ३.३ घरायसी सरसफाई तथा स्वच्छताको अवस्था

### ३.३.१ घरायसी शौचालय निर्माणको अवस्था

बित्थडचिर गाउँपालिकाको २७३९ घरधुरी मध्ये खासस्व योजनाको तयारीका क्रममा १६० घरपरिवारको नमुना घरपरिवार सर्वेक्षण गरिएको थियो । सो नमुना घरपरिवार सर्वेक्षण र सो सर्वेक्षणलाई प्रक्षेपण गर्दा बित्थडचिर गाउँपालिकामा घरायसी चर्पीको अवस्था तालिका नं.३.१९ अनुसार रहेको छ ।

तालिका ३.१९ नमुना घरधुरी सर्वेक्षण र प्रक्षेपण गरिएको वडागत शौचालयको विवरण

| वडा नं. | नमुना घरधुरी सर्वेक्षण ( | | | जम्मा घरधुरीमा प्रक्षेपण गर्दा | | |
|---|---|---|---|---|---|---|
| | सौचालय नभएको | शौचालय भएको | जम्मा | जम्मा | शौचालय भएको | सौचालय नभएको |
| १ | १ | २७ | २८ | ३६० | ३४२ | १८ |
| २ | ० | ११ | ११ | २६१ | २४८ | १३ |
| ३ | ० | १५ | १५ | १५७ | १४९ | ८ |
| ४ | ० | २१ | २१ | ३४२ | ३२५ | १७ |
| ५ | १ | १८ | १९ | २३७ | २२५ | १२ |
| ६ | १ | १० | ११ | ३०८ | २९३ | १५ |
| ७ | २ | २१ | २३ | २९७ | २८२ | १५ |
| ८ | २ | ९ | ११ | २०८ | १९८ | १० |
| ९ | १ | २८ | २९ | ५७० | ५४२ | २८ |
| जम्मा | ८ | १६० | १६८ | २७४० | २६०९ | १३६ |
| प्रतिशत | ४.७६ | ९५.२४ | | | | |

*श्रोत: नमूना घरधुरी सर्वेक्षणको प्रक्षेपण २०७६*

### ३.३.२ घरायसी चर्पीका प्रकार र प्रयोगको अवस्था

नमुना घरधुरी सर्वेक्षणबाट प्राप्त तथाङ्क विश्लेषण गर्दा चर्पी भएका घरधुरी मध्ये करिब ८८ प्रतिशत घरधुरीमा पक्की चर्पी रहेका छन भने १२ प्रतिशत घरधुरीमा अस्थाई शौचालय रहेका छन ।



तेसैगरी शौचालय बनोटका प्रकारमा ७४.४६ प्रतिशत सुधारिएका भेन्टिलेशन शौचालय, ३५ प्रतिशत सुधारिएका वाटरफल्स, १२ प्रतिशत कम्पोष्ट चर्पी र बाँकी अन्य ६ प्रतिशत रहेकाछन ।




महिनावारी हुँदा महिला र किशोरीले चर्पीको प्रयोग गर्छन कि गर्दैनन भनि सोध्दा ८७ प्रतिशत घरधुरीमा चर्पी प्रयोग गर्छन भन्ने जवाफ पाइयो ।

### ३.३.३ घरायसी चर्पीको लेदो व्यवस्थापन

घरधुरी सर्बेक्षणबाट प्राप्त तथाङ्क विश्लेषण गर्दा नगरपालिकामा भएका चर्पीको करिब ५२ प्रतिशत चर्पी सेप्टिक ट्यांकमा जोडिएको पाइयो भने १४ प्रतिशत सिंगल लिच र बाँकी ३४ प्रतिशत ढाकेको खाल्टोमा जोडिएको पाइयो ।




### ३.३.४ घरायसी चर्पी सरसफाईको अवस्था

चर्पीको सरसफाईको अवलोकन गर्दा ७ प्रतिशत चर्पी सफा रहेको भेटियो भने ७२ प्रतिशतको सरसफाई अवस्था ठिकै रहेछ र बाँकी २१ प्रतिशत चर्पीको अवस्था फोहर रहेको पाईयो ।

कुल चर्पी संख्याको ५३ प्रतिशतमा चर्पी सफा गर्ने सामग्री रहेको पाइयो । भने ४१ प्रतिशत घरधुरीमा चर्पी वरिपरी साबुन सहित हात धुने व्यवस्था रहेको छ ।

हाल सम्म निर्माण भएका १२ प्रतिशत चर्पी भरिएर सफा गर्नु परेको रहेछ । भरिएका चर्पी मध्ये १९ प्रतिशत निर्माण भएको २ बर्षभित्र, २४ प्रतिशत २ देखि ४ बर्ष भित्र, १९ प्रतिशत ४ देखि ६ वर्ष भित्र र बाँकी ३८ प्रतिशत ६ बर्षपछि भरिएका रहेछन । भरिएका चर्पीको सफाई सम्बन्धित घरधनिले आफैले बिना साधन प्रयोग गरेर गर्ने गरेका रहेछन । सर्वेक्षणबाट प्राप्त नतिजा तालिका नं ३.२० मा प्रस्तुत गरिएको छ ।

> **सुरक्षितरुपले व्यवस्थित सरसफाईहरु**
>
> - दिगो विकास लक्ष्यलेसुरक्षित रूपले व्यवस्थित सरसफाइ लाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यवस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ। नेपालको सन्दर्भमा यो सामान्यतया डबल – पिट शौचालयहरूमामात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नु पर्दैन ।
>
> सर्भे गर्दा प्रयोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्
>
> - आधारभुत :पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु
> - सिमित: पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
> - नसुधारिएको: कच्ची शौचालयहरु भएको
> - **खुल्ला दिशा**: शौचालय नभएको

माथिका तथ्याङ्कहरुबाट बित्थडचिर गाउँपालिकामा हाल सम्म पनि करिव ५ प्रतिशत घरपरिवार शौचालय विहिन रहेको देखिन्छ । अधिकास परिवारको दोहोरो बसाई रहेको र एक स्थानमा शौचालय भएतापनि

अस्थाई बसोबास भएको ठाँउमा शौचालय नभएको अवस्था भएकोले, व्यवाहरिक रुपमा गाउॅपालिकालाई खुला दिसा मुक्तको अवस्थामा पुग्न थप काम गर्नु पर्ने देखिन्छ र गत १३ असोज, २०७६ का दिनमा राष्ट्रलाई नै खुला दिसामुक्त राष्ट्र घोषणा गरिसकेको अवस्थामा बित्थडचिर गाउॅपालिकाले तदारुकताका साथ खुला दिसा मुक्तको अवस्थामा पुग्नु अपरिहार्य भएको छ ।

तालिका नं ३.२० वडागत रुपमा चर्पी भरिन लागेको समय र सफाई गरेको विवरण

| क्रम संख्या | वडा नं | चर्पीका खाडल भरिएको | | | निर्माण गरेका कति बर्ष पछि चर्पीका खाडल भरियो | | | | | खाडल कसले सफा गर्यो | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | जम्मा | २ बर्ष भित्र | २_४ बर्ष | ४_६ बर्ष | ६ बर्ष पछाडी | जम्मा | हातल विना साधन प्रयोग गरेर | पम्प लगाएर | आहिले सम्म सफा गरेको छैन | अन्य | जम्मा |
| 1 | 1 | 1 | 27 | 28 | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 1 | 0 | 1 |
| 2 | 2 | 3 | 8 | 11 | 1 | 2 | 0 | 0 | 3 | 3 | 0 | 0 | 0 | 3 |
| 3 | 3 | 0 | 15 | 15 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | 4 | 4 | 16 | 20 | 1 | 1 | 1 | 2 | 5 | 3 | 2 | 0 | 0 | 5 |
| 5 | 5 | 2 | 17 | 19 | 0 | 2 | 0 | 0 | 2 | 2 | 0 | 0 | 0 | 2 |
| 6 | 6 | 1 | 10 | 11 | 1 | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 0 | 1 |
| 7 | 7 | 5 | 18 | 23 | 1 | 0 | 1 | 3 | 5 | 5 | 0 | 0 | 0 | 5 |
| 8 | 8 | 0 | 11 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | 9 | 4 | 25 | 29 | 0 | 0 | 2 | 2 | 4 | 3 | 0 | 0 | 1 | 4 |
| जम्मा | | 20 | 147 | 167 | 4 | 5 | 4 | 8 | 21 | 17 | 2 | 1 | 1 | 21 |
| प्रतिशत | | 12 | 88 | 100 | 19 | 24 | 19 | 38 | 100 | 81 | 10 | 5 | 5 | 100 |

## ३.३.५ घरपरिसरको सरसफाईको अवस्था

घरवरिपरिको सरसफाईको अवस्था सर्वेक्षणमा करिब ३ प्रतिशत घरहरु मात्र एकदम सफा, ६९ प्रतिशत घरहरु ठिकै र बाँकी २८ प्रतिशत घरवरपरको वातवरणीय अवस्था फोहर रहेको पाईयो । करिब ४१ प्रतिशत घरधुरीमा साबुन सहितको हात धुने निश्चित ठाँउ रहेको पाइयो । त्यसै गरी १७ प्रतिशत घरधुरीले कुहिने र नकुहिने फोहर छुट्याउने गरेको देखिन्छ । गाउॅपालिका स्तरमानै फोहर व्यवस्थापन गर्ने कुनै निकाय नभएकाले घरवाला स्वयंले नै गर्ने गरेको अवस्था छ ।

तालिका नं ३.२१ सरसफाईको स्तर (दिगो विकास लक्ष्यको आधारमा)

| **सरसफाईको स्तर** | **व्यवस्थित सरसफाई** | **आधारभूत सरसफाई** | **सिमित सरसफाई** | **नसुधारिएको सरसफाई** | **खुला दिसा** |
|---|---|---|---|---|---|
| **प्रतिशत** | ० | ५९.५२ | ० | ३५.७२ | ४.७६ |

बित्थडचिर गाउँपालिकाका सरसफाई सेवाहरु दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरु प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाईमा गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् ।सेप्टिक टैंक भएका शौचालयहरु लाई आधारभूत सरसफाई र कच्चि चर्पीहरुलाइ नसुधारिएको सुविधामा राखिएको छ । परिभाषाका लागि तलको बक्स हेर्नुहोस । बित्थडचिर गाउँपालिकामा प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको

छ, तर एउटा मात्र मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाई कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्वद्धन गर्ने पनि एजेण्डा हुनुपर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस ।

कुनै पनि घरमा वैज्ञानिक ढल निकासको व्यवस्था भएको तथा गाउँपालिकामा पनि फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध नरहेको पाइयो ।

## ३.४ संस्थागत कार्यलयका शौचालयहरु

बित्थडचिर गाउँपालिकाका १४ वटा कार्यलयहरुको सरसफाईको अवस्था सर्वेक्षण गरिएको थियो जसमा सबै कार्यालयमा शौचालय भएतापनि महिलाकालागी छुट्टै शौचालय २ वटा कार्यालयमा मात्र रहेको, २ वटामात्र महिला शौचालयमा डष्टबिन रहेको, ४ वटा कार्यालयको शौचालय बालमैत्री, ५ वटा अपाङ्गतामैत्री रहेका, १ वटा कार्यालयका शौचालयको अवस्था सफा रहेका र ८ वटा कार्यालयका शौचालयमा हातधुने स्थान भएको र सर्वेक्षणको वेलामा ८ वटा कार्यालयका शौचालय नजिक हात धुने स्थानमा साबुन पानी उपल्ब्ध रहेको पाईयो । ८ वटा कार्यालयका शौचालयहरुको हातधुने स्थानमा बालबालिकाको सजिलो पहुँच रहेको छ । स्थलगत अवलोकनको बेला १ वटा कार्यालयका शौचालय प्रयोग पनि भएको, सफा र पानी पनि उपलब्ध रहेको पाईयो भने बाँकी १३ वटा कार्यालयका शौचालयको सरसफाईको अवस्था ठिकै रहेको थियो । सार्वजनिक संस्थाका शौचालयको अवस्था तालिका न ३.२२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.२२ संस्थागत कार्यालयका शौचालयको अवस्था

| सिं नं | परिमितीहरु | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | जम्मा सर्वेक्षण गरिएका संस्थागत कार्यालय | संख्या | १४ |
| २ | शौचालय भएका कार्यालय | संख्या | १२ |
| ३ | शौचालयमा युरिनल भएका कार्यालय | संख्या | ४ |
| ४ | महिलाका लागि छुट्टै शौचालय भएका कार्यालय | संख्या | २ |
| ५ | महिला शौचालयमा डस्टबिन भएको | संख्या | ० |
| ६ | बालबालिका मैत्री शौचालय भएका कार्यालय | संख्या | ४ |
| ७ | अपाङ्ग मैत्री शौचालय भएका कार्यालय | संख्या | ५ |
| ८ | कार्यालयका शौचालयमा हातधुने स्थान भएका | संख्या | ८ |
| ९ | कार्यालयका शौचालयहरुको हातधुने स्थानमा बालबालिकाको सजिलो पहुँच | संख्या | ८ |
| १० | कार्यालय परिसरको वातवरणीय सरसफाईको अवस्था सफा | संख्या | १ |
| ११ | कार्यालय परिसरको वातवरणीय सरसफाईको अवस्था ठिकै | संख्या | १३ |

## ३.५ महामारीको प्रकोप

बित्थडचिर गाउँपालिकाका पानीजन्य रोगको जस्तै रुघा खोकी, आउँ, ज्वरो र झाडापखालाका बिरामीहरु सामान्य रुपमा भेटिए पनि महामारीको रुपमा फैलिएका छैन ।

## ३.६ विपद जोखिम तथा जलवायु परिवर्तन असर स्थानीय अनुकूलनका प्रयासहरु

यस गाउँपालिका वडास्तरमा जोखिम क्षमता विश्लेषण (Vulnerability Capacity Assesment) गरिएको थियो । सो सहभागितात्मक विश्लेषणबाट प्रमुख जोखिमको रुपमा भुकम्प, बाढी, आगलागी, महामारी, शितलहर, जंगली जनाार आतंक, मौसमी सुख्खा, किट आतंक, चट्याङ्ग प्रमुख रुपमा आएका थिए। खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भीर असर पर्ने गरेका छन् । यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ३.२३ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

| क.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचारसंहित पूर्ण रुपमा लागु नभएको | जनसुकै समयमा |
| २ | बाढी पहिरो | गाउँपालीका पहाडी भुभागमा अवस्थीत रहेको र ग्रामीण सडक निर्माणको क्रममा अव्यवस्थीत रुपमा भिरालो जमिनमा कटान र माटो फाल्ने काम भएको हुँदा वर्षायाममा बाढी र पहिरोको प्रकोप भएको । | जेष्ठ- असोज |
| ४ | महामारी | वर्षादको समयमा बाढी पहिरोबाट खानेपानीका मुलहरुमा फोहर पस्ने तथा गाउँमा पानी प्रशोद्धन गरेर प्रयोग गर्ने घरपरिवार नगन्य मात्रमा रहेको तथा व्यक्तीगत सरसफाईको आनी बानीमा पनि कमजोर अवस्था रहेको हुँदा बर्षायाममा झाडापखाला लगायत पानी जन्य रोगहरु बढने गरेको, स्रोत साधन अभाव र जनचेतना कमि, अनुकूल क्षमताको अभाव | विपद् पछि |
| ३ | आगलागी | गाउँपालिकाका अति विपन्न समुदायका घर गोढहरु कच्ची रहेका र सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, घरको बनोट हावाहुरी चल्नु र बच्चाहरुले आगो बाल्ने वस्तुहरु खेलाउँदा आगलागीका घटना बढि हुने गरेको | चैत्र - जेष्ठ |
| ७ | जंगली जनावर आतंक | गाउँपालिकाका धेरै जस्तो वस्तीहरु बनजंगल वरिपरि रहेको हुँदा बाँदर लगायत जंगली जनवार बाट खेतिवालिमा नोक्सान गर्ने | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिंचाई नपुगेकका भागहरु | असार - भदौ |
| ९ | चंट्याङ्ग असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

यस गाउँपालिका क्षेत्रमा विपद जस्तै भूकम्प, बाढीपहिरो आउँदा मानव वस्तीमा उद्दार कार्य गर्न र मानिसहरुलाई सुरक्षित स्थानमा सार्नका लागि खुला क्षेत्रको विवरण तल प्रस्तुत गरिएको छ ।

समग्र पहाडी क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरु देखिन थालेको बताइन्छ । प्रमुख रुपमा खानेपानीको प्रमुख श्रोतको रुपमा रहेको मुलहरु सुक्दै जानु, अतिवृष्टि अनावृष्टिको कारणले बाढि पहिरोको जोखिम बढनु का साथै खडेरी जस्ता समस्याहरु क्रमशः बढेका छन् । जलवायु अनुकूलनका लागि योजनावद्ध तवरबाट कुनै पनि कार्यक्रमको शुरुवात भएको पाइएको छैन ।

## ३.७ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

यस गाउँपालिकाका जनतामा खानेपानी, सरसफाई र स्वच्छताका सम्वन्धमा बढेको चासो झन स्थानीय सरकारको बहाली पश्चात चासो संगै अपेक्षा पनि झनै बढेको छ। अव सानो तिनो लगानी र जनपरिचालनको लागि खासै समस्या नरहेकोले समुदायमा खानेपानी, सरसफाई तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउन तत्पराता देखिन्छ।

## ३.८ पूर्ण सरसफाई तर्फको समग्र अवस्था

यस गाउँपालिका खुला दिसा मुक्त घोषणा पश्चात पूर्ण सरसफाईको दिशामा अगाडी बढेको छ र गाउॅपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति सकृय बनेको छ । पूर्ण सरसफाई रणनीतिक योजना बनेर यूनिसेफ र गाउँपालिकाको साझेदारीमा गाउँपालिकाका सबै वडाहरुमा पूर्ण सरसफाईको कार्यक्रम अगाडी बढि रहेको छ । समग्रमा पूर्ण सरसफाईको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१० पूर्ण सरसफाईका सूचक र विद्यमान अवस्था***

| क स | पूर्ण सरसफाईका सुचकहरु | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | **योजना तर्जुमा तथा व्यवस्थापन**<br>● समन्वय समिति सकृय भएको<br>● खासस्व प्लान तयार भएको<br>● क्षमता विकासका लागि तालिमहरु संचालन गरिएको | ● गाउँपालिका स्तरीय खासस्व समन्वय समिति गठन नभएको<br>● खासस्व प्लान तयारीको क्रममा रहेको<br>● क्षमता विकासका लागि खानेपानी र सरसफाई सम्बन्धी तालिमहरु प्रयाप्त मात्रमा नभएका | |
| २ | **चर्पीको समुचित प्रयोगको अवस्था**<br>● प्रत्येक घरधुरी, संघ संस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको<br>● साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको<br>● खुला ठाउँमा दिसा नभेटिएको<br>● संघ सस्था र सार्वजनिक शौचालयहरु प्रयोगकर्तामैत्री भएको | ● ९५.२२ प्रतिशत घरधुरीमा, १०० प्रतिशत विद्यालयहरुमा, १०० प्रतिशत स्वास्थ्य संस्थाहरुमा र ८६ प्रतिशत कार्यालयहरुमा चर्पी प्रयोग भइ रहेको र गाउँपालिका भरिमा कुनै पनि स्थानमा सार्वजनिक शौचालय निर्माण नै नभएका ।<br>● ४१ प्रतिशत घरधुरीमा, ६ प्रतिशत विद्यालयहरुमा, ५० प्रतिशत स्वास्थ्य संस्थाहरुका शौचालयहरुमा हातधुने सुविधा छ ।<br>● शौचालय भएका विद्यालयहरु मध्ये ७० प्रतिशत लैङ्गिकमैत्री, ७८ बालमैत्री र ३६.३६ प्रतिशत अपाङ्गमैत्री, स्वास्थ्य संस्थाहरु मध्ये २५ प्रतिशत लैङ्गिकमैत्री र १२.५ प्रतिशत अपाङ्गमैत्री शौचालयहरु रहेका छन् । | |
| ३ | **व्यक्तिगत सरसफाई**<br>● प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हातधुने स्थान बनाएको<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने सुविधा<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने, महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान र अभ्यास भएको<br>● व्यक्तिगत सरसफाईमा ध्यान पुऱ्याएको | ● ४१ प्रतिशत घरधुरीमा साबुनपानी सहितको हात धुने सुविधा छ ।<br>● ६ प्रतिशत विद्यालय, ५० प्रतिशत स्वास्थ्य संस्थाका शौचालयमा साबुन सहितको हात धुने सुविधा छ । | |
| ४ | **सुरक्षित पानीमा पहुँच तथा प्रयोग**<br>● आधारभूत स्तरको पानीमा सबैको पहुँच भएको | ● खानेपानी योजनाहरुको Inventory प्रतिवेदन अनुसार ६८.२ प्रतिशत घरहरु र ६८.२ प्रतिशत जनसंख्या खानेपानीको पाइप | |

| | | | |
|---|---|---|---|
| | ● खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विद्यालय, संघ संस्थामा पानीको शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका<br>● घरेलु पानी शुद्धीकरणका आवश्यक सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको | प्रणालीको पानीमा पहुँच पुगेको छ । तर खानेपानी प्रणालीमा पहुँच पुगेका ७१ प्रतिशतले मात्र पानी प्रयोग गरेका छन जुन समग्र गाउँपालिकाको जन संख्याको करिब ४९ प्रतिशत हुन आउछ ।<br>● खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा घरायसी तहमा ३.१३ प्रतिशत घरधुरीले संधै शुद्धीकरण गर्ने गरेका, २५ प्रतिशत घरधुरीले कहिलेकांही गर्ने गरेका छन् ।<br>● खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा विद्यालयमा तहमा १८ प्रतिशत विद्यालयहरुले शुद्धीकरण गर्ने गरेका छन् ।<br>● खानेपानीको शुद्धीकरणका सम्वन्धमा स्वास्थ्य संस्थाहरुको तहमा ८७.५ प्रतिशत स्वास्थ्य संस्थाहरुले शुद्धीकरण गर्ने गरेका छन् । | |
| ५ | **स्वच्छ र सुरक्षित खानाको प्रयोग**<br>● घरको भान्सा, होटल तथा रेष्टुराहरु सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने / नबेच्ने<br>● खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको<br>● फलफूल तथा खानेकुराहरु राम्रो संग सफा गरेर एवं पकाएर, तताएर खाने खुवाउने गरेको<br>● सुरक्षित खानाको लागी कार्यदल गठन गरी कम्तिमा चौमासिक रुपमा अनुगमन हुने गरेको | ● यि सुचकहरुमा खासस्व योजना प्रक्रियाका क्रममा सूचना नलिइएको | |
| ६ | **घरायसी एवं संस्थागत सरसफाई**<br>● घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको<br>● विद्यालय, संघ संस्था तथा सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरी प्याड वा अन्य साधनहरुको सफाई एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको | ● घरायसी तहमा १७ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्याउने गरेका छन् र फोहोर व्यवस्थापनका लागि वैज्ञानिक व्यवस्था छैन ।<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निष्कासनको व्यवस्थापन हुन सकेको छैन । | |

| | | | |
|---|---|---|---|
| | • घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने बर्गिकरण गरी ति फोहोरको समुचित व्यवस्थापन गरेको<br>• घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निष्कासन भएको<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निष्कासन तथा विसर्जन सोहि संस्थाले गर्ने गरेको<br>• उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमुत्र व्यवस्थापन गर्ने गरेको<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवा रहित चुल्होको प्रयोग भएको | • अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निष्कासन तथा विसर्जन सोहि संस्थाले गर्ने गरेका छैनन ।<br>• गोठ सुधारका कार्यक्रम परम्परागत तवरले नै गर्ने गरेका छन् । | |
| ७ | **वातावरणीय सरसफाई**<br>• गाउँ टोल, नगर एवं चौतार आदि सार्वजनिक स्थानहरुको सरसफाईको लागि सरसफाई समिति गठन भएको<br>• घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको भएको<br>• मानव मलमुत्रको व्यवस्थापनका हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, पक्कि वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• नगर वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको<br>• व्यवस्थित ढल प्रणाली (मानव मुत्रीय फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली योजना तर्जुमा भएको | • ठोस तथा तरल फोहोर व्यवस्थापनको वैज्ञानिक ढल निकास तथा ल्याण्डफिल साइटको निर्माण गरिएको छैन । | |

# ४. राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता

बित्थडचिर गाउँपालिकाको खासस्व योजना तर्जुमा गर्ने सन्दर्भमा नेपाल सरकारले खानेपानी तथा सरसफाईको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरु जस्तै नेपालको संविधान,२०७२ को धारा ३० को मौलिक हक अन्तर्गत गरेको ब्यबस्था ,दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेका प्रतिवद्धता,खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत विकास योजना,१५ औं पञ्चवर्षिय योजनाको अधार पत्र,स्थानीय सरकार सञ्चालन ऐन,२०७४, पूर्ण सरसफाई मार्गदर्शन,विद्यालय एवं स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता कार्यविधि तथा मापदण्डले मार्गदर्शन गरेका मुख्य मुख्य बिषयहरुलाई पनि यस खासस्व योजनामा प्राथमिकताका साथ समाविष्ट गरी कार्यान्वयन गर्न लागिएको छ ।

| **मुख्य नीति तथा योजना** | **खानेपानी तथा सरसफाई सम्बन्धी प्रावधान** |
|---|---|
| दिगो विकास लक्ष्य २०१६–२०३० | • ३.९.२ असुरक्षीत खानेपानी, सरसफाई तथा स्वच्छताले हुने मृत्युदर घटाउने<br>• ४.क. विद्यालयमा बाल, लैगिंक तथा अपागंमैत्री सुरक्षित संरचना निर्माण गरी सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सुनिश्चित हुने |
| | • ६.१.सन् २०३० सम्ममा सबैको सबैको लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने<br>• ६.२. सन् २०३० सम्ममा सबैका लागि प्रयाप्त सरसफाई र स्वच्छतामा समतामुलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने |
| नेपालको संविधान, २०७२ | • नेपालको संविधान,२०७२ को धारा ३० स्वच्छ वातावरणको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ<br>• धारा ३५ स्वास्थ्य सम्बन्धी हक अन्तर्गत उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ<br>• धारा ४४ उपभोक्ताको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने कानूनी प्रावधान छ । |
| खानेपानी तथा सरसफाई क्षेत्रगत विकास योजना (२०७३-२०८७) | क्षेत्रगत सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट "वास" सेवाहरूलाई सबैको पहुँचमा पुऱ्याईदै सेवाको स्तरमा सुधार ल्याउने ।<br>विद्यमान क्षेत्रगत मुद्दाहरू एवं भविष्यमा विकसित हुन सक्ने परिदृष्यहरूको सम्बोधन गर्ने ।<br>यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवं सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नाका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमश : क्षेत्रगत एकत्रीकरण गर्ने । |

| | |
|---|---|
| | राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम् कार्यविधिहरूका तह सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी "वास"सेवा प्रवाहको कार्यक्रम निर्माण एवं व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्ने ।<br>सबै नेपाली नागरिकहरूसम्म सूचारु र दिगो "वास" सेवाहरूको पहुँचको सुनिश्चितता गर्न यस क्षेत्र विकास योजनासंग तादत्म्यता हुने गरी सक्षमकारी नीति, कानुनी एवं नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृद्धि, परिष्कृत समन्वय र कार्यसम्पादन अनुगमन पद्धति लागू गर्नु । |
| १५ औं पञ्चवर्षिय योजना | • खानेपानी र सरसफाई सेवाको पर्याप्त, सुरक्षित र शर्वसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु ।<br>• सबै नागरिकलाई आधारभूत स्तरको सरसफाई सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु ।<br>• जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन मैत्री खानेपानी तथा सरसफाई सेवा सुनिश्चित गर्नु ।<br>• खानेपानी तथा सरसफाईको दिगो सेवा प्रवाहमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु । |

| | |
|---|---|
| स्थानीय सरकार सञ्चालन ऐन,२०७४ | स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) झ<br>(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,<br>(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन स्थानीय सरकारले गर्ने प्रावधान छ<br>उपदफा (२) ध.खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा<br>(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वन र नियमन,<br>(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था छ ।<br>ऐनको दफा ११ को उपदफा ४ ग.२ मा खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गाउँपालिका तथा नगरपालिकाद्धारा गर्ने व्यवस्था छ ।<br>ऐनको परिच्छेद ६ को दफा २४,योजना बनाई कार्यान्वयन गर्ने : मा बुदा नं (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु प्रावधान छ ।<br>ऐनको दफा २५को दफा (२) को उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।<br>त्यसै गरी ऐनको दफा २६ को (घ) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सकिने ब्यबस्था छ ।<br>ऐनको परिच्छेद (९): गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्रको दफा ६२ को उपदफा (२) गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ |

| | |
|---|---|
| पूर्ण सरसफाई मार्गदर्शन,२०७३ | पूर्ण सरसफाई मार्गदर्शन,२०७३ ले सन् २०३० सम्म सबैको लागि र सधैको लागि पूर्ण सरसफाईको अवस्था हासिल गर्नेतर्फ उन्मूख हुने लक्ष्य लिएको छ । उक्त लक्ष्यलाई ३ चरणमा विभाजन गरी कार्यान्वयन हुदै आइरहेको छ ।<br>तह १ : सन् २०२२ सम्म १५ प्रतिशत गाउँपालिका र १० प्रतिशत न.पा.<br>तह २: सन् २०२७ सम्म ५० प्रतिशत गाउँपालिका र ४० प्रतिशत न.पा.<br>तह ३: सन् २०३० सम्म १०० प्रतिशत गाउँपालिका र १०० प्रतिशत न.पा.<br>पूर्ण सरसफाईको उद्देश्य भनेको :<br>• खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।<br>• सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।<br>• घरायसी तथा संस्थागत तहमा सरसफाई र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।<br>• सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरणको प्रवर्द्धन समेत गर्ने ।<br>• फोहोरमैला तथा मानव मलमूत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।<br>• पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।<br>पूर्ण सरसफाईका दुई चरण : सफा र स्वच्छ चरण, पूर्ण सरसफाई उन्मूख चरणमा विभाजन गरी कार्यान्वयन गर्ने र सम्पूर्ण चरणहरु पश्चात् पूर्ण सरसफाईयुक्त गाउँ,बस्ती,टोल र समुदाय घोषणा गर्ने व्यवस्था यस मार्गदर्शनमा उल्लेख छ । |
| विद्यालय खानेपानी तथा सरसफाई कार्यविधि,२०७४ | विद्यालय खानेपानी तथा सरसफाई कार्यविधि,२०७४ को लक्ष्य : विद्यालयमा दिगो खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने रहेको छ<br>कार्यविधिको उद्देश्यहरु : विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाई तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने,तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाईका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने रहेको छ ।<br><br>यस कार्यविधिले विद्यालय स्वमुल्याङ्कनको मापदण्ड जस्तै सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार तय गरी यसै मापदण्डका आधारमा |

| | |
|---|---|
| | विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरेर वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिएको छ । |
| स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी मापदण्ड,२०७५ | **१.**ठुला स्वास्थ्य संस्थाहरु,मझौला स्वास्थ्य संस्थाहरु,साना स्वास्थ्य संस्थाहरु ,विस्तारित सेवा,घुम्ती शिविर स्वास्थ्य संस्थाको तह र स्वास्थ्य संस्थाको वर्गिकरण ।<br><br>**२.वितरण गरिने पानीको गुणस्तर :**पिउने पानी, हात धुने पानी र मेडिकल प्रयोजनको लागि मध्यम स्तरको पानीको प्रगोग गर्ने र विशेष परिस्थितीको लागि उच्च स्तरको पानीको प्रयोग र पिउने पानीको गुणस्तर भन्दा कम स्तरको पानीलाई सफा गर्ने, लन्ड्री र सरसफाईको लागि मात्र प्रयोग गर्ने ।<br><br>**३.स्वास्थ्य संस्थाहरुका लागि सरसफाईको मापदण्ड**<br><br>कम्पाउन्डमा, अन्तरंग विभाग (आईपिडी),ओपिडी (प्रत्येक विभाग/ब्लक),प्रतिक्षा गर्ने स्थान, परामर्श कक्ष, लन्ड्री कोठा, युएसजी कोठा, शल्यक्रिया कोठा, प्याथोलोजि ब्लक, प्रसूति कोठा/ उत्तर प्रसूति कक्ष, प्रसूति कक्ष, लास घर, प्रयोगशाला, लन्ड्री सेवा, प्रत्येक विभागमा Janitor's Closet, सबै सेवा दिने स्थानमा हात धुने बेसिनमा सेवाग्राही एवं कर्मचारीको लागि मुत्रालय र शौचालयको मापदण्डको साथै हात धुने बेसिनको संख्या तोकिएको ।<br><br>**४.स्वास्थ्य संस्थाको लागि स्वच्छता मापदण्ड जस्तै** शौचालय/नुहाउने सुविधा,हातको सरसफाई,लन्ड्री सरसफाई,व्यक्तिगत सरसफाई तथा व्यक्तिगत सुरक्षा सामग्री (सेवा प्रदायक),महिनावारी भएको अवस्थाको सरसफाई व्यवस्थापन,खानेकुराको स्वच्छता ( अवलोकन गर्ने),लासघरको सरसफाई (लासघरको सुविधा भएको अस्पतालमा मात्र लागू हुने),सूचना प्रवाह र स्वच्छता प्रवर्द्धन,कीट तथा मुसाको नियन्त्रण,क्षमता अभिवृद्धि र वातावरणीय स्वच्छता/ सरसफाई तोकिएको ।<br><br>**५.स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनका लागि निश्चित मापदण्ड तोकिएको** |

# ५. खासस्व योजनाको सोच, परिलक्ष्य, लक्ष्य, उद्देश्य र रणनीतिहरु

## ५.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य

खानेपानी तथा सरसफाई मानव जातिकै अस्तित्वका लागि अत्यावश्यकिय तत्वहरु हुन । पानी विनाको मानव जीवनको कल्पना समेत गर्न सकिदैन् । तसर्थ मानवमात्रका लागि पनि खानेपानी र सरसफाईको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहदै आएको छ। यस बित्थडचिर गाउंपालिकाले तयार गरेको यो खासस्व योजनाको सोच र परिलक्ष्यहरु तपसिल बमोजिमका रहेका छन् ।

**दूरदृष्टि (सोच)** यस गाउँपालिकामा बसोबास गर्ने सबैका लागि सुरक्षित,र सर्वशुलभ, खानेपानी तथा सरसफाईका सेवाहरु मार्फत जनस्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने

**परिलक्ष्य (ध्येय)** यस गाउँपालिकामा पारदर्शि, प्रविधिमैत्रि, प्रयोगकर्तामैत्रि खानेपानी, सरसफाई र स्वच्छताका कार्यक्रमहरु संचालन गरी सन २०२६ सम्ममा उच्च र मध्यम स्तरको खासस्व सेवा प्रदान गर्ने ।

## ५.२ खानेपानी, सरसफाई र स्वच्छता योजनाका लक्ष्य

- यस गाउँपालिकामा सन २०२२ सम्म सम्पुर्ण घरधुरीमा आधारभुत खानेपानीको सुविधा पुऱ्याउनुका साथै खानेपानी र सरसफाई सेवाको गुणस्तरमा सुधार ल्याउने ।
- सन २०२६ सम्ममा यस गाउँपालिकामा ५० प्रतिशत जनसंख्यालाई मध्यम स्तरको खानेपानी सेवा र ५० प्रतिशत जनसंख्यालाई उच्च स्तरको खानेपानी सेवा प्रदान गर्ने
- नेपाल सरकारको लक्ष्य अनुसार पूर्ण सरसफाई हासिल गर्ने

## ५.३ खानेपानी, सरसफाई र स्वच्छता योजनाका उद्देश्यहरु

**सभाग क्षेत्र १. सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरुको दिगोपना, तथा सुरक्षा**

**उद्देश्य १** : निर्माण भएका खानेपानी आयोजनाहरुको सूचारुपना सुधार तथा उत्थानशिल संरचना सहित नयाँ योजना निर्माण गरि शतप्रतिशत घरधुरीमा समतामुलक रुपमा सुरक्षित खानेपानीको पहुँच वृद्धि गरी पुऱ्याउने ।

**संभाग क्षेत्र २.सुधारिएको सरसफाई तथा स्वच्छता सुविधामा पहुँच वृद्धि तथा दिगोपना**

**उद्देश्य २** : सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय तथा नगर क्षेत्रको सरसफाई तथा स्वच्छता प्रवर्द्धनमा अपनत्वभावको विकास भई पूर्ण सरसफाई युक्त घर, समुदाय, वडा तथा गाउॅपालिकाको विकास भएको हुनेछ ।

**संभाग क्षेत्र ३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन**

**उद्देश्य ३:** समन्वयात्मक तथा एकिकृत कार्य पद्धती अपनाई विद्यालय तथा स्वास्थ्य संस्थाहरु सुरीक्षत खानेपानी, सुधारिएको सरसफाई तथा स्वच्छता सेवाको नियमित तथा न्यायोचित पहुँच भएको हुनेछ।

**संभाग क्षेत्र ४. जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाई सेवा**

**उद्देश्य ४:** पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन द्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ। साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाई सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ।

**संभाग क्षेत्र ५.संस्थागत तथा क्षमता विकास**

**उद्देश्य ५:** गाउँपालिका र वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भइ पूर्ण सरसफाई क्षेत्रमा क्षमता विकास भएको हुनेछ।

**संभाग क्षेत्र ६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**उद्देश्य ६:** गाउँपालिका तथा वडाहरुमा वास सेवामा समानता सुनिश्चित भएको हुनेछ।

## ५.४ खानेपानी, सरसफाई र स्वच्छता योजनाको रणनीतिहरु

यस गाउँपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) सम्बन्धी लक्ष्य पुरा गर्न सरकारी, गैर सरकारी निकाय र नीजि क्षेत्र विचको समन्वयात्मक कार्य एकता तथा एकिकृत कार्य पद्धतीको थालनी गर्नु नै यस योजनाको प्रमुख रणनीति हुनेछ । प्रदेश र संघिय सरकारहरूसंग समन्वय गरी मातहतका कार्यालयहरू संग समन्वय गरी यस खासस्व योजना कार्यान्वयनका लागि पहल गरिने छ। यस खासस्व योजना कार्यान्वयनका लागि विशेषत तपसीलका रणनीतिहरू अवलम्वन गरिने छ।

- खानेपानी आयोजनाहरुको नयाँ निर्माण तथा मर्मत सुधार र विस्तार गर्दा अनिवार्य रुपमा "एक घर एक धारा" नीति अवलम्बन गरिने छ।
- आपूर्ति सम्बन्धी अधुरा र क्रमागत कार्यक्रमहरूलाई निरन्तरता दिई थप कार्यक्रमहरू सञ्चालन गर्नुका साथैसाथै विद्यमान खानेपानी वितरण प्रणालीको मर्मत सम्भार गरि सुचारुपना सुधार गरिनेछ।
- खानेपानी आपूर्ति सम्बन्धी अधुरा र क्रमागत कार्यक्रमहरूलाई निरन्तरता दिई थप कार्यक्रमहरू सञ्चालन गर्नुका साथैसाथै विद्यमान खानेपानी वितरण प्रणालीको मर्मत सम्भार गरि सुचारुपना सुधार गरिनेछ।
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६३ मा तोकिए बमोजिम क्रमिक रूपमा खानेपानीको गुणस्तर तथा सेवास्तर सुधार गर्दै खानेपानी प्रणालीको निर्माण तथा सुदृढिकरण गर्दा लागत उठ्ती प्रणाली लागू गरिनेछ।
- खनेपानी सेवा प्रदायकहरूबाट वितरित खानेपानीको गुणस्तरको नियमित अनुगमन गरिनेछ र उनीहरूसँग समन्वय गरी क्षमता अभिवृद्धि मार्फत खानेपानी सेवालाई गुणस्तरीय र भरपर्दो बनाइनेछ।

- गाउँपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरू संग समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- घरायसी चर्पी निर्माण तथा थप मर्मत सुधारका लागि घरपरिवार स्वंलाई नै जिम्मेवार बनाईने छ । सोको लागि आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्ग र एकल महिलाहरूका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ ।
- सार्वजनिक शौचालय सञ्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरी विभिन्न आय आर्जनका गतिविधिहरू जस्तै शौचालयको अगाडि भागमा पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोबर ग्याँस जडान गर्ने आदि खालका क्रियाकलापसंग जोडिने छ ।
- प्रत्येक वडाको कार्ययोजनामा जलवायु परिवर्तनको प्रभाव, विपद् न्यूनीकरणका क्रियाकलाप तथा महिनावारी स्वच्छता व्यवस्थापन  सम्बन्धी मुद्धाहरूलाई पहिचान र सम्बोधन गरिनेछ ।
- नयाँ निर्माण हुने योजनामा अनिवार्य रुपले खानेपानी सुरक्षा योजना लागू गरिने छ तथा चालु योजनाहरूमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाई लागू गरिने छ ।
- फोहरमैला व्यवस्थापन तथा सरसफाई प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धि गरी जनसहभागितामा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- ढल निकास व्यवस्थापनलाई एकिकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ । “फोहरलाई बनाऊँ मोहर” भन्ने नारालाई व्यापक बनाइ फोहरमैला व्यवस्थापन तथा सहरी सरसफाई कार्य सञ्चालन गर्दा सार्वजनिक नीजि साझेदारीको रणनीति अपनाइनेछ ।
- खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्ययोजना अनुसारका योजनाहरू कार्यान्वयनका लागि गाउँपालिकामा खासस्व शाखा गठन गरिने छ । उक्त खासस्व शाखा अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरू अध्यावधिक गरिनेछ
- बजार र बजार उन्मूख क्षेत्रहरूमा उत्पन्न हुने ठोस तथा तरल फोहोरको Grading तथा व्यवस्थापनका लागि उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्रको निर्माण गरिनेछ ।
- खानेपानी तथा सरसफाई सेवाको दिगोपनाका लागि निजि संस्थाहरूको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न गाउँपालिकाले भूमिका खेल्ने छ ।
- गाउँपालिकामा कम्तिमा एक स्थानमा खानेपानी गुणस्तर प्रयोगशाला स्थापना गरिने छ।

- गाउँपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसको संचालन नगरपालिका खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले गर्ने छ ।

## ५.५ गाउॅपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु

यस योजनाको दूरदृष्टि तर्फ उन्मुख हुन, लक्ष्य प्राप्तिमा अधिकतम योगदान पुऱ्याउन तथा उद्देश्य हासिल गर्नका लागि संचालन हुने खानेपानी, सरसफाई तथा स्वच्छता सेवाको योजनावद्ध प्रयासहरुमा देहायका निर्देशित सिद्धान्तहरु अवलम्बन गरिनेछ ।

### ५.५.१ नागरिक संलग्नता र जनकेन्द्रित खासस्व सेवाको विकास

यस गाउँपालिकाको खासस्व क्षेत्रको सामाजिक परिचालनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र पिछडिएको वर्ग एवं समुदायको सशक्तिकरणलाई माध्यम बनाइनेछ। खासस्व क्षेत्रमा समुदायमा आधारित तथा नागरिक समाजका संस्थाहरुको संस्थागत क्षमता विकासको माध्यमबाट खासस्व क्षेत्रको विकास प्रक्रियमा नागरिक तथा समुदायको संलग्नता वृद्धि गरिनेछ । खासस्व क्षेत्रमा स्थानीय श्रोत, साधन, प्रविधि, ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गरी दिगोपनामा टेवा पुर्याईनेछ ।

### ५.५.२ वातावरण सन्तुलन तथा खासस्व क्षेत्रको दिगो विकास

जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण र जोखिम न्यूनिकरण तथा स्थानीय अनुकूलनको उपायहरु अवलम्बन गरी जनकेन्द्रीत खासस्व सेवा विकासको अवसरमा वृद्धि गरिनेछ । यस गाउँपालिकाको खासस्व क्षेत्र विकास प्रक्रियामा वातावरण मैत्री स्थानीय शासन प्रणालीलाई समाहित गरी खासस्व सेवाको कार्यलाई वातावरण मैत्री तथा दिगो बनाइनेछ ।

### ५.५.३ स्थानीय संस्था/संजालहरुको क्षमता विकास तथा परिचालन

गाउँपालिका भित्रका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति, लगायत अन्य समुदायमा आधारित समूह र सञ्जालहरुको खासस्व सम्बन्धि क्षमता अभिवृद्धि गरी उनीहरुलाई यस क्षेत्रमा अझ बढी क्रियाशील र प्रभावकारी बनाईनेछ। स्थानीय तहमा मा खासस्व क्षेत्रको संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पछाडि पारिएका वर्गको संलग्नता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाईनेछ । स्थानीय स्तरमा खासस्व क्षेत्रमा संचालित आयोजना तथा कार्यक्रमलाई दिगो, नतिजामुलक, पारदर्शी र प्रभावकारी बनाईनेछ ।

### ५.५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

योजना तर्जुमा, सञ्चालन तथा अनुगमन प्रक्रियालाई अझ बढी समावेशी र सहभागिमुलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी दिगो र सन्तुलित खासस्व सेवामा जोड दिईनेछ । खासस्व क्षेत्रको संस्थागत विकास र सुदृढ गरी समावेशी र समानतामैत्री वातावरण निर्माण गरिनेछ

। खासस्व सेवा तथा सुविधामा आम नागरिक तथा सेवाग्राहीहरुको पहुँच वृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, सहज, सर्वशुलभ, गुणस्तरीय बनाइनेछ । समावेशीकरण नीति अन्तर्गत खासस्व क्षेत्र अन्तर्गतका कार्यक्रम खास गरि सेवाबाट वञ्चित समुदाय, क्षेत्र र जनसंख्या (महिला, दलित, आदिबासी-जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा अन्य पिछडा वर्ग) को समुचित सेवामा बढी लक्षित हुनेछ। खासस्व योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा सरसफाई संरचनाहरु बाल, महिला, अपाङ्गता र वातावरणमैत्रीका सूचकलाई मुख्य आधार बनाईने छ । सरसफाई तथा स्वच्छता सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात गरिनेछ। खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुमा कम्तिमा पनि एक तिहाई सदस्य सहित प्रमुख वा उपप्रमुख पदहरुमा महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ।

### ५.५.५ मानव अधिकार र सामाजिक न्याय

सुरक्षित पानी र आधारभूत सरसफाई मानवको मौलिक अवश्यकता र आधारभूत मानव अधिकार हुन् । प्रत्येक व्यक्तिलाई स्वस्थ, मर्यादित,र उत्पादनशील जीवन बाँच्न ती सेवाहरूको आवश्यकता पर्दछ । अधिकारमा आधारित पद्धति मानव अधिकारको प्रगतिशील सोचाइको लागि क्षेत्रगत सुशासन प्रणालीको फराकिलो सुधार हो। यसमा सबै नागरिकको “खासस्व” सेवाहरूका लागि गाउँपालिकाले तय गरेको समय तालिकामा स्रोतको अधिकतम उपयोग गर्नु हो। अधिकारमा आधारित पद्धति तर्फ जानुको अर्थ भनेको स्थानीय तह र नागरिकहरूको बीच सम्बन्धमा केन्द्रित हुनु हो । खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा सरकारी, गैर सरकारी, सामुदायिक संस्थाको संस्थागत संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै सामाजिक न्यायको अवधारणा लाई अवलम्बन गरिनेछ। समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, जेष्ठ नागरिक, महिला तथा बालबालिकाको लागि खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि लक्षित वर्ग कार्यक्रमका साथै अन्य विशेष कार्यक्रम संचालन गरिनेछ।

### ५.५.६ समुदाय, निजी क्षेत्र एवं गैसस साझेदारी

खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्वन गरिनेछ। समुदाय, निजी क्षेत्र तथा गैसस जस्ता साझेदारहरु बीच अन्तरक्रिया, छलफल र वहसका माध्यमवाट खानेपानी, सरसफाई तथा स्वच्छता सेवा विस्तार कार्यलाई अझ वढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ । खानेपानी, सरसफाई तथा स्वच्छता अन्तर्गतका कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजार प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ।

### ५.५.७ नतिजा मूलक व्यवस्थापन प्रणाली

खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रको योजना तथा बजेट तर्जुमा गर्दा नतिजामूलक योजनाको खाकामा सूचकको आधारमा गरिनेछ। खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको नतिजा मूलक

अनुगमन खाका अनुसार सहभागितामुलक र तेश्रो पक्षद्धारा समीक्षा गरिने छ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिने छ र कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

# ६. संभाग अनुसार रणनीति, अपेक्षित उपलब्धि,नतिजा तालिका र क्रियाकलापहरु

## ६.१ संभाग क्षेत्र १: सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा

### ६.१.१ उद्देश्य :

निर्माण भएका खानेपानी आयोजनाहरुको सूचारुपना सुधार तथा उत्थानशिल संरचना सहित नयाँ योजना निर्माण गरि शतप्रतिशत घरधुरीमा समतामुलक रुपमा सुरक्षित खानेपानीको पहुँच वृद्धि गरी पुऱ्याउने ।

**नतिजा १.१:** गाउँपालिका क्षेत्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ ।

**नतिजा १.२:** गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण खानेपानी योजनाका उपभोक्ता समितिहरु पारदर्शी रुपले क्रियाशील भएर निर्माण भएका खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार गरि नियमित रुपमा स्वच्छ र गुणस्तरयुक्त खानेपानी आपूर्ति गर्न सक्षम भएका हुनेछन ।

### ६.१.२ रणनीति :

- खानेपानी तथा सरसफाई क्षेत्रको योजना तर्जुमा तथा यसको कार्यान्वयन स्थानीय तहको नेतृत्वमा संचालन गर्ने ।
- खानेपानी आयोजनाहरुको निर्माण गर्दा जोखीमको न्यून प्रभाव हुने गरी वातावरणमैत्री बनाउने ।
- निर्माण भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी जिम्मेवार बनाउने नीति अवलम्बन गर्ने र खानेपानी आयोजनाको सुचारुपना र दिगोपनाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउने ।
- खानेपानी आयोजनाको पहुँच एवं सेवा विस्तारका लागि एक घर एक धाराको निति लिईनेछ, मौजुदा योजनाको मर्मत सम्भार वा विस्तार गर्दा सम्भव भए सम्म एक घर एक धारा अवधारणामा गरिनेछ भने नयाँ बन्ने योजनाको हकमा एक घर एक धारा लाई अनिवार्य गरिनेछ ।
- खानेपानी तथा सरसफाई आयोजनाहरुमा खानेपानी मर्मत संभार कोष, मर्मत संभार कार्यकर्ताको व्यवस्था आदिको अनुगमन गरी खानेपानी सुरक्षा योजना लागु गर्ने ।
- खानेपानी तथा सरसफाई आयोजनाहरुको मर्मत संभार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका स्तरमा खानेपानी क्षेत्रका प्राविधिक र प्लम्बरहरुको विकास तथा परिचालन गर्ने ।

- हाल सम्म खानेपानीका योजना नबनेका, समाजिक रुपले बन्चितिकरणमा परेका समुदायको बसोबास भएका बस्ती लाई नयाँ योजनामा प्राथमिकता दिइनेछ।
- खानेपानीको उपभोक्ता समिति र योजना व्यवस्थापन समितिलाई नियमित रुपले पानीको गुणस्तर परिक्षणका गरि परिक्षण प्रतिवेदन गाउँपालिकाको खासस्व इकाई मा पेश गर्न लगाउने र खासस्व इकाई ले अभिलेख अध्यावधिक गर्ने ।
- नियमित रुपले पानीको गुणस्तर परिक्षणका लागि आवश्यक पर्ने किट, जनशक्ति, र ल्याब सेवा स्थानीयरुपमा उपलब्ध गराउनका लागी निजि क्षेत्रका सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने ।

## ६.१.३ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा तथा लक्ष्य तालिका

| सि.नं. | सूचक | इकाई | वर्तमान अवस्था | २०२२ | २०२६ | पुस्ट्याइका आधारहरु | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| **नतिजा १** | **नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ ।** | | | | | | |
| १.१ | उच्च स्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | | १० | ५० | | |
| १.२ | मध्यम स्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | | २० | ५० | | |
| १.३ | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका घरधुरी | प्रतिशत | ७१ | ७० | ३५ | | |
| १.४ | सिमित खानेपानी सेवा पुगेका घरधुरी | प्रतिशत | ९ | ० | | | |
| १.५ | सेवा नपुगेका घरधुरी | प्रतिशत | २०।०० | ० | | | |
| **नतिजा २** | **नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण खानेपानी योजनाका उपभोक्ता समितिहरु पारदर्शी रुपले क्रियाशील भएर निर्माण भएका खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार गरि नियमित रुपमा स्वच्छ र गुणस्तरयुक्त खानेपानी आपूर्ति गर्न सक्षम भएका हुनेछन** | | | | | | |
| २.१ | नियमित रुपमा मर्मत सम्भार भएका तथा पूर्ण क्षमतामा संचालन भएका योजना संख्या र प्रतिशत | संख्या | ६४ | ९० | १४० | | |
| २.२ | नियमित रुपमा खानेपानीको गुणस्तर परिक्षण गरि गुणस्तरीय पानी आपूर्ति गरिरहेका योजना संख्या रप्रतिशत । | प्रतिशत | ० | ५० | १०० | | |
| २.१ | सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा भएका खानेपानी उ.स. (संख्या/प्रतिशत) | प्रतिशत | ० | ५० | १०० | | |
| २.२ | नियमित साधारण सभा, लेखा परिक्षण र पारदर्शिता कायम भएका सकृय उपभोक्ता समिति (संख्या/प्रतिशत) | प्रतिशत | ८.१३ | ५० | १०० | | |
| २.१ | खानेपानी आयोजनाको उचित मर्मत संभार संयन्त्र ( कोष, कार्यकर्ता, औजार) भएका खानेपानी उ.स. ( संख्या/प्रतिशत) | प्रतिशत | ३ | ४० | १०० | | |

## ६.१.४ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको कार्ययोजना तथा प्रमुख क्रियाकलापहरु

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | **खानेपानी सेवा विस्तार** | | | | | | | | | |
| १ | नयां खानेपानी आयोजनाहरुको निर्माणबाट खानेपानी सेवा विस्तार | घरपरिवा | १०६७ | ५०० | ५६७ | | | | | |
| २ | मौजुदा खानेपानी योजनाको मर्मत सम्भार र विस्तार | योजना संख्या | ३० | | ६ | ६ | ६ | ६ | ६ | |
| ३ | मौजुदा खानेपानी योजनाहरुको पुन निर्माण | योजना संख्या | ३३ | ५ | ५ | ५ | ५ | ५ | ३ | |
| ४ | घर परिवारमा निजि धारा जडान | संख्या | २५०० | ५०० | ६०० | ४०० | ४०० | ३०० | ३०० | |
| २ | **खानेपानीको श्रोत संरक्षण र गुणस्तर** | | | | | | | | | |
| ५ | खानेपानीका मुल संरक्षण, जलाधार संरक्षण | योजना संख्या | ८७ | २० | २० | २० | २० | | | |
| ६ | खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | योजना संख्या | १४० | २० | ३० | ३० | २० | २० | २० | |
| ७ | खानेपानीको नियमित गुणस्तर परिक्षण | योजना संख्या | १४० | ४० | ६० | ८० | १०० | १२० | १४० | |
| ३ | **नीतिगत तथा संस्थागत बिकास** | | | | | | | | | |
| ८ | खासस्व इकाईको गठन तथा व्यवस्थापन | | १ | १ | | | | | | |
| ९ | "खासस्व योजना कार्यान्वयन तथा अनुगमन निर्देशिका" तयारी तथा नगरसभाबाट स्वीकृति | संख्या | १ | | १ | | | | | |
| १० | खा.पा उपभोक्ता समिति गठन र पुनर्गठन गरि क्षमता विकास | संख्या | १४० | २० | ४० | ४० | ४० | | | |
| ११ | खानेपानी योजनाको मर्मत संभार संयन्त्र (महशुल, मर्मत सम्भार कार्यकर्ता, लेखा व्यबस्थापक सहित) विकास | संख्या | १४० | २० | ३० | ३० | ३० | ३० | २० | |
| १२ | नगरपालिकामा खानेपानीको गुणस्तर परिक्षणका लागि आबश्यक किट , जनशक्ति सहित ल्याब सेवाको उपलब्धता | संख्या | १ | | १ | | | | | |

## ६.१.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | प्रति इकाई लागत | कार्य योजना अनुशार बार्षिक अनुमानित लागत रु ह्जारमा | | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | रु ह्जारमा | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | |
| १ | **खानेपानी सेवा विस्तार** | | | | | | | | | | | |
| १ | नयां खानेपानी आयोजनाहरुको निर्माणबाट खानेपानी सेवा विस्तार | घरपरिवा | १०६७ | ७५ | ३७५०० | ४२५२५ | | | | | ८००२५ | |
| २ | मौजुदा खानेपानी योजनाको मर्मत सम्भार र विस्तार | योजना संख्या | ३० | १९० | ० | ११४० | ११४० | ११४० | ११४० | ११४० | ५७०० | |
| ३ | मौजुदा खानेपानी योजनाहरुको पुन निर्माण | योजना संख्या | ३३ | १४०० | ७००० | ७००० | ७००० | ७००० | ७००० | ४२०० | ३९२०० | |
| ४ | घर परिवारमा निजि धारा जडान | संख्या | २५०० | ५ | २५०० | ३००० | २००० | २००० | १५०० | १५०० | १२५०० | |
| | **जम्मा** | | | | **४७०००** | **५३६६५** | **१०१४०** | **१०१४०** | **९६४०** | **६८४०** | **१३७४२५** | |
| २ | **खानेपानीको श्रोत संरक्षण र गुणस्तर** | | | | | | | | | | | |
| ५ | खानेपानीका मुल संरक्षण, जलाधार संरक्षण | योजना संख्या | १४० | ४० | ८०० | ८०० | ८०० | ८०० | | | ३२०० | |
| ६ | खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | योजना संख्या | १४० | ५ | १०० | १५० | १५० | १०० | १०० | १०० | ७०० | |
| ७ | खानेपानीको नियमित गुणस्तर परिक्षण | योजना संख्या | ० | १० | ४०० | ६०० | ८०० | १००० | १२०० | १४०० | ५४०० | |
| | **जम्मा** | | | | **१३००** | **१५५०** | **१७५०** | **१९००** | **१३००** | **१५००** | **९३००** | |
| ३ | **नीतिगत तथा संस्थागत बिकास** | | | | | | | | | | | |
| ८ | खासस्व इकाईको गठन तथा ब्यवस्थापन | | १४० | ५०० | ५०० | | | | | | ५०० | |
| ९ | "खासस्व योजना कार्यान्वयन तथा अनुगमन निर्देशिका" तयारी तथा नगरसभाबाट स्वीकृति | संख्या | १४० | १५० | ० | १५० | | | | | १५० | |
| १० | खा.पा उपभोक्ता समिति गठन र पुनर्गठन गरि क्षमता विकास | संख्या | १ | ३ | ६० | १२० | १२० | १२० | | | ४२० | |
| ११ | खानेपानी योजनाको मर्मत संभार संयन्त्र (महशुल, मर्मत सम्भार कार्यकर्ता, लेखा ब्यवस्थापक सहित) विकास | संख्या | ० | | | | | | | | | |
| १२ | नगरपालिकामा खानेपानीको गुणस्तर परिक्षणका लागि आबश्यक किट , जनशक्ति सहित ल्याब सेवाको उपलब्धता | संख्या | ० | ४०० | | ४०० | | | | | ४०० | |
| | **जम्मा** | | | | **५६०** | **६७०** | **१२०** | **१२०** | **०** | **०** | **१४७०** | |
| | **कुल जम्मा रु ह्जारमा** | | | | ४८८६० | ५५८८५ | १२०१० | १२१६० | १०९४० | ८३४० | १४८१९५ | |

## ६.२ संभाग क्षेत्र २.सुधारिएको सरसफाई तथा स्वच्छता सुविधामा पहुँच वृद्धि तथा दिगोपना

### ६.२.१ उद्देश्य :

सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय तथा गाउँ क्षेत्रको सरसफाई तथा स्वच्छता प्रवर्द्धनमा अपनत्वभावको विकास भई पूर्ण सरसफाईयुक्त घर, समुदाय, वडा तथा गाउँपालिकाको विकास भएको हुनेछ ।

**नतिजा १**. सबै घरधुरीमा सुधारीयको शौचालयमा पहुँच भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ,

**नतिजा २**. व्यक्तिगत सरसफाई सम्बन्धी बानी व्यवहारको विकास भएको हुनेछ,

**नतिजा ३**. ठोस तथा तरल फोहरको समुचित व्यवस्थापन भई  वातावरणीय सरसफाई कायम भएको हुनेछ ।

### ६.२.२ रणनीति :

- पूर्ण सरसफाई नीति अवलम्बन भएको हुनेछ ।
- स्थानीय तहको नेतृत्वमा सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने ।
- सरसफाईको क्षेत्रमा कार्य गर्ने निकायहरु बीच समन्वय तथा सहकार्यमा सचेतनामुलक सहभागितात्मक अभियान संचालन गर्ने ।
- प्रत्येक वडाहरुमा पुर्ण सरसफाई सम्बन्धी कार्ययोजना निर्माण,  सरसफाई कोष स्थापना र सञ्चालन गर्ने,
- स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने,
- सूचना,शिक्षा तथा सञ्चार जस्ता व्यवहार परिवर्तन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गरी आम सरोकारवालाहरुको परिचालन गर्ने वातावरण सिर्जना गर्ने ।
- गाउँपालिका क्षेत्रमा उत्सजीत तरल तथा ठोस फोहोर व्यवस्थापन, सार्वजनिक सौचालय निर्माण तथा व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारी पद्धति अपनाउने,
- तरल तथा ठोस फोहोरको घरायसी तहमा न्यून, कम तथा पुनः प्रयोगमा विशेष जोड दिने
- अनुगमन तथा प्रमाणिकरण संयन्त्र लागि निर्देशिका तयार गरी सो वमोजिम गठन र परिचालन गर्ने
- सरसफाईका सामाग्रीहरुको ग्रामिण स्तरसम्म बजारीकरण गर्न निजि क्षेत्रको सहभागिता बढाउन जोड दिने तथा आवश्यक कार्यक्षेत्रहरुको पहिचान गरि कार्यन्वयन गर्ने ।

- गाउँक्षेत्रबाट निस्कने ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्ने
- प्रोत्साहन, पुरस्कार र कदरको सिद्धान्तलाई नियमित गने ।

## ६.२.३ नतिजा तथा लक्ष्य तालिका

| सि.नं. | सूचक | इकाई | वर्तमान अवस्था | २०२२ | २०२६ | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|
| नतिजा १ | सबै घरधुरीमा सुधारीयको शौचालयमा पहुँच भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ, | | | | | |
| १.१ | आधारभुत सरसफाइ पहुँच पुगेका घरधुरी | प्रतिशत | ५९.५२ | ८० | ५० | |
| १.२ | सुधारीयको सरसफाइ सुबिधा पुगेका घरधुरीहरु | प्रतिशत | ० | २० | ५० | |
| नतिजा २ | नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण खानेपानी योजनाका उपभोक्ता समितिहरु पारदर्शी रुपले क्रियाशील भएर निर्माण भएका खानेपानी योजनाको उचितरुपले मर्मत सम्भार गरि नियमित रुपमा स्वच्छ र गुणस्तरयुक्त खानेपानी आपूर्ति गर्न सक्षम भएका हुनेछन | | | | | |
| २.१ | व्यक्तिगत सरसफाइ सम्बन्धी बानी व्यवहारको विकास भएको हुनेछ, | संख्या | ४१ | ६० | १०० | |
| २.२ | जोखीमपूर्ण समयमा सावुन पानीले हातधुने (घरका सबै सदस्यहरु) | प्रतिशत | | १०० | | |
| नतिजा ३ | ठोस तथा तरल फोहरको समुचित व्यवस्थापन भई बातावरणिय सरसफाइ कायम भएको हुनेछ। | | | | | |
| ३.१ | ठोस फोहोर श्रोत स्तरमा सुरक्षित वर्गीकरण तथा | प्रतिशत | १७ | ४० | ९० | |
| ३.२ | तरल फोहरको सुरक्षित व्यवस्थापन गरेको | प्रतिशत | ४२.३ | ६० | १०० | |
| ३.३ | दिसाजन्य लेदो समुचित व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | ५९.५२ | ८५ | १०० | |
| ३.४ | पूर्ण सरसफाई सुचक पुरा भएका घरधुरीको (प्रमाणिकरण) | प्रतिशत | ० | १० | १०० | |
| ३.५ | पूर्ण सरसफाइ युक्त वडा | संख्या | ० | २ | ९ | |

## ६.२.४ पूर्ण सरसफाईयुक्त, घर, गाउँ, गाउँपालिकाको लागि कार्ययोजना तथा क्रियाकलापहरु

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | आधारभूत सर्वेक्षण तथा तथ्यांक अद्यावधिक | पटक | ४ | १ | | १ | | | १ | |
| २ | सामाजिक परिचालनका माध्यम बाट पूर्ण सरसफाइ सम्बन्धी समुदाय स्तरमा सचेतना अभिबृद्धि | कार्य महिना | २१६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| ३ | चर्पीहरुको स्तरोन्नती (सुधारिएको शौचालय) | वटा | १०९६ | १०० | २०० | २०० | २०० | २०० | १९६ | |
| ४ | जुठेल्नो तथा चाङ्ग निर्माण कार्यक्रम | संख्या | १६६० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १६० | |
| ५ | साबुन पानी सहित हातधुने निश्चित स्थान निर्माण र प्रयोग | संख्या | १६२० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १२० | |
| ६ | सुधारिएको चुल्हो निर्माण तथा मर्मत तालिम | पटक | ६ | १ | १ | १ | १ | १ | १ | |
| ७ | घरायसी फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन सम्बन्धि तालिम | पटक | ६ | १ | १ | १ | १ | १ | १ | |
| ८ | पूर्ण सरसफाइ सुचकको प्रमाणिकरण | पटक | ३ | | १ | | १ | | १ | |
| ९ | सार्वजनिक शौचालयको निर्माण,मर्मत स’धार तथा ब्यवस्थापन | वटा | १० | १ | २ | २ | २ | २ | १ | |
| १० | व्यवस्थित ढल व्यवस्थापन | स्थान | १ | | १ | | | | | |
| ११ | ल्याण्डफिल साइटको व्यस्थापन | वटा | १ | | | | | | | |
| १२ | पूर्ण सरसफाइ प्रवर्द्धनका लागि होर्डिङ्ग बोर्ड, भित्ते लेखन सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरु तयार कार्यक्रम | पटक | ५ | | | १ | | १ | | |
| १३ | नगरपालिका तथा वडाको पूर्ण सरसफाइ अनुगमन तथा प्रमाणीकरण | पटक | ६ | १ | १ | १ | १ | १ | १ | |

## ६.२.५ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | प्रति इकाई लागत | कार्य योजना अनुशार बार्षिक अनुमानित लागत रु हजारमा | | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | रु हजारमा | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | |
| १ | आधारभूत सर्वेक्षण तथा तथ्यांक अद्यावधिक | पटक | ३ | १०० | १०० | ० | १०० | ० | ० | १०० | ३०० | |
| २ | सामाजिक परिचालनका माध्यम बाट पूर्ण सरसफाइ सम्बन्धी समुदाय स्तरमा सचेतना अभिबृद्धि | कार्य महिना | २१६ | २० | ७२० | ७२० | ७२० | ७२० | ७२० | ७२० | ४३२० | |
| ३ | चर्पीहरुको स्तरोन्नती अनुदान १० प्रतिशत गरीब परिवार मात्र (सुधारिएको शौचालय) | निरन्तर | १०९६ | २५ | २५० | ५०० | ५०० | ५०० | ५०० | ४९० | २७४० | |
| ४ | जुठेल्लो तथा चाङ्ग निर्माण कार्यक्रम सहजिकरण | निरन्तर | १६६० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | साबुन पानी सहित हातधुने निश्चित स्थान निर्माण र प्रयोग सहजिकरण | निरन्तर | १६२० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ६ | सुधारिएको चुल्हो निर्माण तथा मर्मत तालिम | पटक | ६ | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | २४० | |
| ७ | घरायसी फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुन: प्रयोग, प्रशोधन सम्बन्धि सहजिकरण | निरन्तर | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | पूर्ण सरसफाइ सुचकको प्रमाणिकरण | पटक | ३ | १५० | ० | १०० | ० | १०० | ० | १०० | ३०० | |
| ९ | सार्वजनिक शौचालयको निर्माण,मर्मत स'धार तथा व्यवस्थापन | वटा | १० | १५०० | १५०० | ३००० | ३००० | ३००० | ३००० | १५०० | १५००० | |
| १० | व्यवस्थित ढल व्यवस्थापन सम्भाबयता अध्ययान | स्थान | १ | २००० | ० | २००० | ० | ० | ० | ० | २००० | |
| ११ | ल्याण्डफिल साइटको व्यस्थापन सम्भाबयता अध्ययान | वटा | १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | |
| १२ | पूर्ण सरसफाइ प्रवर्द्धनका लागि होर्डिङ्ग बोर्ड, भित्ते लेखन सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी सामग्रीहरु तयार कार्यक्रम | पटक | ५ | १०० | ० | ० | १०० | ० | १०० | ० | २०० | |
| १३ | नगरपालिका तथा वडाको पूर्ण सरसफाइ अनुगमन तथा प्रमाणीकरण | पटक | ६ | १५० | १५० | १५० | १५० | १५० | १५० | १५० | ९०० | |
| | **कुल जम्मा रु हजारमा** | | | | २७६० | ६५१० | ४६१० | ४५१० | ४५१० | ३१०० | २६००० | |

## ६.३ संभाग क्षेत्र ३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन

### ६.३.१ उद्देश्य :

समन्वयात्मक तथा एकिकृत कार्य पद्धती अपनाई विद्यालयहरुको खानेपानी तथा सरसफाई सुविधाको सुधार गरि पूर्ण सरसफाईको नमूना स्थलको रुपमा विकास भएको हुनेछ ।

नतिजा १: विद्यालयहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाई तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा व्यवस्थापन भएका तीन तारे नमुना विद्यालयहरुको विकास भएको हुनेछ ।

नतिजा २: स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाई तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ ।

नतिजा ३: स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहरको उचित रुपमा संकलन, निर्मलिकरण तथा व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।

### ६.३.२ रणनीति तथा कार्यनीति :

- विद्यालयको खानेपानी, सरसफाई तथा स्वच्छता अवस्था अनुगमन, सुधार तथा व्यवस्थापन गर्ने तिन तारे अवधारणा अवलम्बन गर्ने ।
- विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाई अवस्थाको नियमित अनुगमन गरि विशेष प्राथमिकताका साथ सुधारका कार्यहरु गर्ने ।
- खानेपानी तथा सरसफाई क्षेत्रको अनुगमनका आधारमा प्रमाणिकरण गरि प्रोत्साहन गर्ने ।
- सरसफाई तथा स्वच्छता सम्बन्धी सकरात्मक बानी विकासका बाल केन्द्रीत तथा अनुकरणिय प्रयासहरुको थालनी  गर्ने ।
- विद्यालयको अगुवाईमा सेवा क्षेत्रको सरसफाई तथा स्वाच्छता प्रवर्द्धन जस्ता पद्धती लागु गर्ने ।
- विद्यालय र स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी तथा सुधारीएको सरसफाई सुविधा निर्माण व्यवस्थापनमा विशेष जोड दिई अनुदान र कार्यमुल्याङ्कन संग जोडिने छ ।
- स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाई अवस्थाको नियमित अनुगमन गरि विशेष प्राथमिकताका साथ सुधारका कार्यहरु गर्ने ।

- खानेपानी तथा सरसफाई क्षेत्रको अनुगमनका आधारमा प्रमाणिकरण गरि प्रोत्साहन गर्ने ।
- सरसफाई तथा स्वच्छता सम्बन्धी सकरात्मक बानी विकासका बाल केन्द्रीत तथा अनुकरणीय प्रयासहरुको थालनी गर्ने ।
- स्वास्थ्य संस्थाको अगुवाईमा सेवा क्षेत्रको सरसफाई तथा स्वच्छता प्रवर्द्धन जस्ता पद्धती लागु गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी तथा सुधारिएको सरसफाई सुविधा निर्माण व्यवस्थापनमा विशेष जोड दिई अनुदान र कार्य मूल्याङ्कन संग जोडिने छ ।

## ६.३.३ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धनका क्षेत्रको नतिजा र लक्ष्य तालिका

| सि.नं. | सूचक | इकाई | वर्तमान अवस्था | २०२२ | २०२६ | पुस्ट्याइका आधारहरु | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| **नतिजा १** | विद्यालयहरुमा प्रयोगकर्तामैत्री खानेपानी तथा सरसफाइ सुविधाको समुचित प्रयोग तथा व्यवस्थापन भएका तीन तारे नमुना विद्यालयको विकास | | | | | | |
| १.१ | राष्ट्रिय मापदण्ड बमोजिमका वास सुविधा भएका तथा तिन तारे सुचक पुरा भएका नमुना विद्यालय | प्रतिशत | | १० | १०० | | |
| १.२ | दुई तारे सुचक पुरा गरेका विद्यालय | प्रतिशत | ० | २० | | | |
| १.३ | एक तारे सुचक पुरा गरेका विद्यालय | प्रतिशत | ० | ४० | | | |
| १.४ | विद्यालयहरुमा सुरक्षित तथा नियमित खानेपानीको सेवा भएका विद्यालय | सख्या / प्रतिशत | १७/५१ | २५/७५ | ३३/१०० | | |
| १.५ | शौचालयहरुको व्यवस्थित रुपमा प्रयोग भएका विद्यालय | सख्या / प्रतिशत | २६/७९ | ३०/९० | ३३/१०० | | |
| १.६ | छात्र र छात्राका लागि अलग अलग सुधारीएका तथा सुचारु शौचालयको व्यवस्था भएका विद्यालय | सख्या / प्रतिशत | ३३/१०० | ३३/१०१ | | बिद्यालय स्वमुल्याङ्कन प्रतिवेदन,Flash Report | |
| १.७ | अपाङ्गता मैत्री शौचालय सुविधा भएका विद्यालय | सख्या / प्रतिशत | १२/३६ | २२/६६ | ३३/१०० | | |
| १.८ | सामुहिक हात धुने सुविधा (नियमित पानी तथा साबुनको व्यवस्था) भएका विद्यालय | सख्या / प्रतिशत | २/६ | २२/६६ | ३३/१०० | | |
| १.९ | खानेपानी तथा सरसफाइ व्यवस्थापन सयन्त्र विकास (समिति गठन, कार्य योजना र कोष स्थापना) भएका विद्यालय | सख्या / प्रतिशत | ५/१५ | १७/५१ | ३३/१०० | | |
| १.१ | ठोस तथा फोहर संकलन तथा समुचित व्यवस्थापन भएका विद्यालय | सख्या / प्रतिशत | २३/६९ | ३०/९० | ३३/१०० | | |
| २ | **स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा ब्यवस्थापन भएको हुनेछ।** | | | | | | |
| २.१ | सुरक्षित खानेपानीको नियमित आपूर्ती २४ घण्टा ब्यवस्था भएका | सख्या / प्रतिशत | ३/३८ | ८/१०० | | | |
| २.२ | प्रयोगकर्ता मैत्री शौचालयको सुविधा भएका संस्था | सख्या / प्रतिशत | २/२५ | ८/१०० | | स्वास्थ्य संस्था र नपाको खासस्व प्रतिवेदन | |
| २.३ | साबुन पानी सहितको हात धुने सुविधा भएका | सख्या / प्रतिशत | २/२५ | ८/१०० | | | |
| ३ | **स्वास्थ्य संथाहरुको फोहरको उचित रुपमा संकलन, निर्मलिकरण तथा ब्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।** | | | | | | |
| ३.१ | संस्थाको फोहरको उचित संकलन, निर्मलीकरण र ब्यवस्थापन गर्ने | सख्या / प्रतिशत | ३/३७ | ८/१०० | | | |
| ३.२ | प्लासान्टा पिट भइ फोहर ब्यवस्थापन गर्ने स्वास्थ्य संस्था | सख्या / प्रतिशत | ६/७५ | ८/१०० | | | |
| ३.३ | फोहर जलाउन इन्सीनेटरको ब्यवस्था भएका स्वास्थ्य संस्था | सख्या / प्रतिशत | | ८/१०० | | | |
| ३.४ | स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता ब्यवस्थापन संयन्त्र भएका (फोकल व्यक्ति, कार्ययोजना, शाखा, आचारसंहिता आदि) | सख्या / प्रतिशत | ० | | | | |

## ६.३.४ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलापहरु

| क. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ वर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | **शैक्षिक संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग** | | | | | | | | | |
| १.१ | विद्यालयहरुमा सुरक्षित तथा नियमित खानेपानीको सेवा बिस्तार | सख्या | १६ | ५ | ५ | ५ | १ | ० | | |
| १.२ | लैगीक तथा अपाङ्गता मैत्री शौचालय निमार्ण | सख्या | १९ | ५ | ५ | ५ | ४ | ० | | |
| १.३ | सामुहिक हात धुने सुविधा (नियमित पानी तथा साबुनको व्यवस्था) बिस्तार | सख्या | २१ | ५ | ५ | ५ | ५ | १ | | |
| १.४ | खानेपानी तथा सरसफाइ व्यवस्थापन सयन्त्र विकास (समिति गठन, कार्य योजना र कोष स्थापना) गर्ने | सख्या | २८ | ६ | ६ | ६ | ६ | ५ | | |
| १.५ | ठोस तथा फोहर संकलन तथा समुचित व्यवस्थापनमा सुधार | सख्या | १० | १० | | | | | | |
| २ | **स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ ।** | | | | | | | | | |
| २.१ | सुरक्षित खानेपानीको नियमित आपूर्ती व्यवस्थामा सुधार | सख्या | ५ | २ | २ | १ | | | | |
| २.२ | प्रयोगकर्ता मैत्री शौचालयको सुविधा बिस्तार | सख्या | ७ | ३ | ३ | १ | | | | |
| २.३ | साबुन पानी सहितको हात धुने सुविधा बिस्तार | सख्या | ७ | ५ | २ | | | | | |
| ३ | **स्वास्थ्य संथाहरुको फोहरको उचित रुपमा संकलन, निर्मलिकरण तथा व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।** | | | | | | | | | |
| ३.१ | संस्थाको फोहरको उचित संकलन, निर्मलीकरण र व्यवस्थापन गर्ने | सख्या | ५ | ३ | २ | | | | | |
| ३.२ | प्लासान्टा पिट भइ फोहर व्यवस्थापन गर्ने स्वास्थ्य संस्था | सख्या | ३ | २ | १ | | | | | |
| ३.३ | फोहर जलाउन इन्सीनेटरको व्यवस्था गर्ने | सख्या | ८ | ५ | ३ | | | | | |

## ६.३.५ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | प्रति इकाई लागत | कार्य योजना अनुशार बार्षिक अनुमानित लागत रु हजारमा | | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | |
| १ | **शैक्षिक संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा ब्यवस्थापन भएको हुनेछ।** | | | | | | | | | | | |
| १.१ | विद्यालयहरुमा सुरक्षित तथा नियमित खानेपानीको सेवा बिस्तार | सख्या | १६ | १५० | ७५०.०० | ७५०.०० | ७५०.०० | १५०.०० | ०.०० | ०.०० | २४००.०० | |
| १.२ | लैगीक तथा अपाङ्गता मैत्री शौचालय निमार्ण | सख्या | १९ | १६०० | ८०००.०० | ८०००.०० | ८०००.०० | ६४००.०० | ०.०० | ०.०० | ३०४००.०० | |
| १.३ | सामुहिक हात धुने सुविधा (नियमित पानी तथा साबुनको ब्यवस्था) बिस्तार | सख्या | २१ | १०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | १००.०० | ०.०० | २१००.०० | |
| १.४ | खानेपानी तथा सरसफाइ ब्यवस्थापन सयन्त्र विकास (समिति गठन, कार्य योजना र कोष स्थापना) गर्ने | सख्या | २८ | १०० | ६००.०० | ६००.०० | ६००.०० | ६००.०० | ५००.०० | ०.०० | २९००.०० | |
| १.५ | ठोस तथा फोहर संकलन तथा समुचित ब्यवस्थापनमा सुधार | सख्या | १० | २० | २००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | |
| | जम्मा रु ह्जारमा | | | | १००५०.०० | ९८५०.०० | ९८५०.०० | ७६५०.०० | ६००.०० | ०.०० | ३८०००.०० | |
| २ | **स्वास्थ्य संस्थाहरुमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चत भई समुचित प्रयोग तथा ब्यवस्थापन भएको हुनेछ।** | | | | | | | | | | | |
| २.१ | सुरक्षित खानेपानीको नियमित आपूर्ती ब्यवस्थामा सुधार | सख्या | ५ | २०० | ४०० | ४०० | २०० | ० | ०.०० | ०.०० | १०००.०० | |
| २.२ | प्रयोगकर्ता मैत्री शौचालयको सुविधा बिस्तार | सख्या | ७ | १५०० | ४५०० | ४५०० | १५०० | ० | ०.०० | ०.०० | १०५००.०० | |
| २.३ | सावुन पानी सहितको हात धुने सुविधा बिस्तार | सख्या | ७ | १०० | ५०० | २०० | ० | ० | ०.०० | ०.०० | ७००.०० | |
| | जम्मा रु ह्जारमा | | | | ५४०० | ५१०० | १७०० | ० | ० | ० | १२२००.०० | |
| ३ | **स्वास्थ्य संथाहरुको फोहरको उचित रुपमा संकलन, निर्मलिकरण तथा ब्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।** | | | | | | | | | | | |
| ३.१ | संस्थाको फोहरको उचित संकलन, निर्मलीकरण र ब्यवस्थापन गर्ने | सख्या | ५ | १०० | ३०० | २०० | ० | ० | ०.०० | ०.०० | ५००.०० | |
| ३.२ | प्लासान्टा पिट को ब्यवस्थापन गर्ने | सख्या | ३ | २०० | ४०० | २०० | ० | ० | ०.०० | ०.०० | ६००.०० | |
| ३.३ | फोहर जलाउन इन्सीनेटरको ब्यवस्था गर्ने | सख्या | ८ | ५० | २५० | १५० | ० | | ०.०० | ०.०० | ४००.०० | |
| | जम्मा रु ह्जारमा | | | | ९५० | ५५० | ० | ० | 0 | | १५००.०० | |
| | कुल जम्मा रु ह्जारमा | | | | १६४००.०० | १५५०० | ११५५० | ७६५० | ६०० | ० | ५१७०० | |

## ६.४ संभाग क्षेत्र ४. संस्थागत तथा क्षमता विकास

### ६.४.१ उद्देश्य :

गाउँपालिका/वडास्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भइ खानेपानी तथा सरसफाई प्रवर्द्धनका नविनतम् पद्धतीमा क्षमता विकास भएको हुनेछ ।

**नतिजा १:** गाउँपालिका तथा वडा स्तरीय समन्वय समितिहरुको संस्थागत विकास भएको हुनेछ ।

**नतिजा २:** पूर्ण सरसफाई सम्बन्धि नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला र संजालहरुको क्षमता विकास भएको हुनेछ ।

**नतिजा ३:** खानेपानी उपभोक्ता समितिहरुको संस्थागत संरचनाहरु लोकतान्त्रिक पद्धतिबाट समावेशी र समतामुलक रुपमा गठन भई, पारदर्शी र सक्षमरुपले खासस्व कियाकलाप प्रभावकारीरुपले संचालन सक्षम भएका हुनेछन ।

### ६.४.२ रणनीति तथा कार्यनीति :

- जिल्लाको खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रमा एकरुपता कायम गर्दै क्षेत्रगत समन्वय तथा सहकार्यलाई विशेष जोड दिने ।
- स्थानीय तहको योजना अनुसार सहयोगी संस्थाहरुले स्थानीय तहसंग समभ्कदारी गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने ।
- यस क्षेत्रको दिगोपना कायम गर्न स्थानीय स्तरमा दक्ष जनशक्ति विकास तथा परिचालनमा जोड दिने ।
- गाउँपालिका तथा वडा समन्वय समितिहरुको क्षमता विकास योजना बनाई समन्वयात्मक रुपमा संचालन गर्ने ।
- खानेपानी तथा सरसफाई सेवा प्रवर्द्धनमा संस्थागत तथा क्षमता विकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय प्रक्रिया समावेशी र सहभागितामूलक बनाउने र सेवाको पहुँचमा फरक क्षमता भएका व्यक्ति र बालबालिकालाई विशेष प्राथमिकता दिने ।
- खानेपानी तथा सरसफाई सेवा क्षेत्रमा संस्थागत विकास र सुशासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सरकारी निकाय, गैर सरकारी संस्था र सामुदायिक संस्था मञ्चबाट एकीकृत वार्षिक कार्ययोजना तयार गरी सो अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय निकाय तथा सार्वजनिक सेवा प्रदायक निकायका पदाधिकारी, प्राविधिक तथा अन्य कर्मचारीको क्षमता र कार्य व्यवहारमा सुधार गर्ने ।
- स्थानीय खानेपानी तथा सरसफाई सेवा विकास निर्माणका आयोजना तथा कार्यहरुमा स्थानीय स्रोत तथा साधनको अधिकतम प्रयोग तथा परिचालनको लागि प्रयास गर्ने ।
- खानेपानी तथा सरसफाई सेवा क्षेत्रमा सामुदायिक सशक्तिकरण तथा सामाजिक परिचालन कार्यक्रम विस्तार गरी कार्यक्रमलाई अभ्क प्रभावकारी बनाउने र कार्यक्रमहरुको नतिजा तथा प्रभावकारिताको अनुगमन गर्ने ।

- नगर तहमा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको व्यवस्थापन गर्न नगर खानेपानी तथा सरसफाई समन्वय शाखाले पूर्ण भूमिका निर्वाह गर्ने र वडा तहमा समन्वय समिति निर्माण गरि आवश्यक भुमिका निर्वाह गर्ने ।
- सरसफाई प्रवर्द्धन कोषको व्यवस्था र सञ्चालन गर्ने तथा सरसफाई आचारसंहिताको निर्माण र कार्यान्वयन गर्ने

## ६.४.३ संस्थागत सुदृढीकरण तथा क्षमता विकासको लक्ष्य तालिका

| सि.नं. | **सूचक** | **इकाई** | **वर्तमान अवस्था** | **२०२२** | **२०२६** | **पुस्ट्याइका आधारहरु** | **पूर्वानुमान तथा जोखिम पक्ष** |
|---|---|---|---|---|---|---|---|
| १ | **नगरपालिका तथा वडा स्तरीय समन्वय समितिहरुको संस्थागत विकास भएको हुनेछ ।** | | | | | | |
| १.१ | नगरपालिकामा नगर स्तरीय खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समिती र प्रत्येक वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितीहरु समानुपातिक र समाबेशीरुपमा गठन गरिएको हुनेछन । | संख्या | ० | ४ | १० | | |
| १.२ | खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समितीहरुलाई स्थानिय उपभोक्ता समितीहरु र सरसफाई सग सम्बन्धित निकायहरु संग समन्वय र सहकार्य गरी योजना मर्मत सम्भार, खानेपानीको गुणस्तर कायम राख्नका लागी सक्षम भएका हुनेछन । | संख्या | ० | ४ | १० | | |
| २ | **पूर्ण सरसफाइ सम्बन्धि नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला र संजालहरुको क्षमता विकास भएको हुनेछ ।** | | | | | | |
| २.१ | नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला र संजालहरुले पुर्ण सरसफाई, लैगींक समनता, बिपद ब्यबस्थापनमा एकिकृतरुपमा समुदायलाई सहयोग गर्न सक्षम भएका हुनेछन । | संख्या | ० | ३ | ९ | | |
| २.२ | नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला निकायले सयुक्तरुपमा खासस्व योजनाको लक्ष्य अनुसार योजना तथा बजेटको कार्यन्वयनको नतिजामूलक अनुगमन प्रणाली अनुसार नियमित अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ । | संख्या | ० | ३ | ९ | | |
| ३ | **खानेपानी उपभोक्ता समितिहरुको संस्थागत संरचनाहरु लोकतान्त्रिक पद्धतिबाट समाबेशी र समतामुलक रुपमा गठन भई,** | | | | | | |
| ३.१ | खासस्व योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा हाल महिलाको संलग्नता व्यवहारमा ३३% भन्दा कम र अन्य लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व नभईरहेकोमा अगामी दिनमा समानुपातिक र समाबेशी संस्थागत संरचना निमार्ण गर्दै पछाडी परेको बर्ग समुदायलाई मूलप्रबाहीकरण गरीएको हुनेछ । | प्रतिशत | १३ | ३० | १०० | | |
| ३.२ | खानेपानी उपभोक्ता समितीहरुले नियमितरुपमा लेखा परिक्षण गर्ने गरेका हुनेछन । | प्रतिशत | १०.८ | ४० | १०० | | |
| ३.३ | खानेपानी उपभोक्ता समितीहरुले तालीमा प्राप्त लेखा ब्यबस्थापक, मर्मत सम्भार कार्यकत्ताको पारिश्रमीकको ब्यबस्थागरी परिचालन गर्न सक्षम भएका हुनेछन । | प्रतिशत | १ | ३० | १०० | | |

## संस्थागत सुदृढीकरण र क्षमता विकास सम्बन्धी क्रियाकलाप

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | **नगरपालिका तथा वडा स्तरीय समन्वय समितिहरुको संस्थागत विकास भएको हुनेछ।** | | | | | | | | | |
| १.१ | नगर तथा वडा स्तरीय खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समिती गठन । | वटा | १० | ३ | ३ | ४ | | | | |
| १ | समन्वय समितिहरुको नियमित बैठक गर्ने (२ महिनामा) | पटक | ७२ | २४ | २४ | २४ | | | | |
| १.३ | खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समिती सदस्यहरुलाई, संस्थागत बिकास, योजना निमार्ण, लैगिक समाबेशी, जोखिम ब्यबस्थापन, सम्बन्धित तालिम | पटक | २५ | ४ | ४ | ४ | ४ | ३ | २ | |
| २ | **पूर्ण सरसफाइ सम्बन्धि नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला र संजालहरुको क्षमता विकास भएको** | | | | | | | | | |
| २ | वडास्तरीय समन्वय समिति तथा सरोकारवाला निकायका पदाधिकारीहरुलाई खानेपानी तथा सरसफाइ योजना निमार्ण तथा पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण तालिम | वटा | १२ | ४ | ४ | ४ | | | ० | |
| २.२ | पूर्ण सरसफाइ सम्बन्धी स्थानीय सहजकर्ताहरुलाई तालिम पुर्नताजकी सहित | पटक | ५ | १ | | १ | १ | १ | १ | |
| २.३ | खानेपानी तथा सरसफाइ क्षेत्रको संयुक्त अनुगमन तथा मुल्यांकन | पटक | ६ | १ | १ | १ | १ | १ | १ | |
| ३ | **खानेपानी उपभोक्ता समितिहरुको संस्थागत संरचनाहरु लोकतान्त्रिक पद्धतिबाट समाबेशी र समतामुलक रुपमा गठन भई, पारदर्शी र सक्षमरुपले खासस्व कियाकलाप प्रभाबकारीक रुपले संचालनमा सक्षम भएका हुनेछन ।** | | | | | | | | | |
| ३.१ | खासस्व उपभोक्ता समितिको गठन तथा पुर्नगठन | वटा | १४० | २० | २० | २० | ३० | ३० | २० | |
| ३.२ | खानेपानी सरसफाई उपभोक्ता समितिका पदाधिकारीलाइ, सस्थागत बिकास, खानेपानी सरसफाइ कार्य योजना, लैगिंक तथा सामाजिक समावेसिकरण मुलप्रवाहिकरण तालिम | वटा | १८ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ३.२ | लेखा ब्यबस्थापन, सार्बजनिक लेखा परिक्षण तालिम | वटा | १४ | २ | २ | ३ | ३ | २ | २ | |
| ३.३ | श्रोत संरक्षण तथा बिपद ब्यबस्थापन तालिम | वटा | १४ | २ | २ | ३ | ३ | २ | २ | |
| ३.४ | खानेपानी योजना मर्मत सम्भार कार्यकत्ता तालिम | वटा | १४ | २ | २ | ३ | ३ | २ | २ | |

## ६.४.४ क्षेत्रगत कार्ययोजना अनुसार वित्तीय श्रोत विश्लेषण

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | प्रति इकाई लागत रु | बार्षिक अनुमानित लागत रु हजारमा | | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | |
| १ | **नगरपालिका तथा वडा स्तरीय समन्वय समितिहरुको संस्थागत विकास भएको हुनेछ ।** | | | | | | | | | | | |
| १ | नगर तथा वडा स्तरीय खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समिती गठन । | वटा | १० | ५ | १५ | १५ | २० | | | | ५० | |
| १ | समन्वय समितिहरुको नियमित बैठक गर्ने (२ महिनामा) | पटक | ७२ | २ | ४८ | ४८ | ४८ | | | | १४४ | |
| १ | खानेपानी, सरसफाई तथ स्वच्छता समन्वय समिती सदस्यहरुलाई, संस्थागत बिकास, योजना निमार्ण, लैगिक समाबेशी, जोखिम व्यवस्थापन, सम्बन्धित तालिम | पटक | २५ | २५ | १०० | १०० | १०० | १०० | ७५ | ५० | ५२५ | |
| | जम्मा | | | | १६३ | १६३ | १६८ | १०० | ७५ | ५० | ७१९ | |
| २ | **पूर्ण सरसफाइ सम्बन्धि नगर तथा वडा स्तरका समन्वय समिति,सरोकारवाला र संजालहरुको क्षमता विकास भएको हुनेछ ।** | | | | | | | | | | | |
| २ | वडास्तरीय समन्वय समिति तथा सरोकारवाला निकायका पदाधिकारीहरुलाई खानेपानी तथा सरसफाइ योजना निमार्ण तथा पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण तालिम | वटा | १२ | २५ | १०० | | | | | | १०० | |
| २ | पूर्ण सरसफाइ सम्बन्धी स्थानीय सहजकर्ताहरुलाई तालिम पुर्नताजकी सहित | पटक | ५ | ४० | ४० | ० | ४० | ४० | ४० | ४० | २०० | |
| २ | खानेपानी तथा सरसफाइ क्षेत्रको संयुक्त अनुगमन तथा मुल्यांकन | पटक | ६ | १० | १० | १० | १० | १० | १० | १० | ६० | |
| | जम्मा | | | | १५० | १० | ५० | ५० | ५० | ५० | ३६० | |
| ३ | **खानेपानी उपभोक्ता समितिहरुको संस्थागत संरचनाहरु लोकतान्त्रिक पद्धतिबाट समाबेशी र समतामुलक रुपमा गठन भई, पारदर्शी र सक्षमरुपले खासस्व कियाकलाप प्रभाबकारीक रुपले संचालनमा सक्षम भएका हुनेछन ।** | | | | | | | | | | | |
| ३ | खासस्व उपभोक्ता समितिको गठन तथा पुर्नगठन | वटा | १४० | ५ | १०० | १०० | १०० | १५० | १५० | १०० | ७०० | |
| ३ | खानेपानी सरसफाई उपभोक्ता समितिका पदाधिकारीलाइ, सस्थागत बिकास, खानेपानी सरसफाइ कार्य योजना, लैगिंक तथा सामाजिक समावेसिकरण मुलप्रवाहिकरण तालिम | वटा | १८ | ४० | १२० | १२० | १२० | १२० | १२० | | ६०० | |
| ३ | लेखा ब्यवस्थापन, सार्बजनिक लेखा परिक्षण तालिम | वटा | १४ | ४० | ८० | ८० | १२० | १२० | ८० | | ४८० | |
| ३ | श्रोत संरक्षण तथा बिपद ब्यवस्थापन तालिम | वटा | १४ | २५ | ५० | ५० | ७५ | ७५ | ५० | | ३०० | |
| ३ | खानेपानी योजना मर्मत सम्भार कार्यकत्ता तालिम | वटा | १४ | ४० | ८० | ८० | १२० | १२० | ८० | | ४८० | |
| | जम्मा | | | | ४३० | ४३० | ५३५ | ५८५ | ४८० | १०० | २५६० | |
| | कुल लागत रु हजारमा | | | | ७४३ | ६०३ | ७५३ | ७३५ | ६०५ | २०० | ३६३९ | |

## ६.५ संभाग क्षेत्र ५. जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाई सेवा

### ६.५.१ उद्देश्य :

पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन द्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ। साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाई सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ।

**नतिजा १**: पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ। साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाई सेवाका लागि व्यवस्थापन भएको हुनेछ।

### ६.५.२ रणनीति तथा कार्यनीति :

- खानेपानीका श्रोतहरुको नक्साङ्कन गरि श्रोतहरु संरक्षण र पुनर्भरणमा विशेष जोड दिने।
- खानेपानीको बहुउपयोग योजना बनाई सोहि अनुसारका कार्यक्रम तथा योजनालाई प्राथामिकता दिने।
- जलवायु परिवर्तन र जोखीम न्यूनीकरण बारेमा प्रचार प्रसारका साथै वृक्षारोपण र वनजंगलको संरक्षणमा जोड दिने।
- खानेपानी आयोजनाहरुको निर्माण गर्दा जोखीमको न्यून प्रभाव हुने गरी वातावरणमैत्री बनाउने।

## ६.५.३ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणका नतिजा, सूचक र लक्ष्य तालिका

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ६ बर्षको लक्ष्य | | कार्य योजना (वर्ष) | | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | **पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ । साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका** | | | | | | | | | |
| १ | खानेपानी योजना सर्बेक्षण र डिजाइनको कममा सम्भाबित वातावरणीय असर र न्युनिकरणका उपायको पहिचान गरी सोही अनुसार योजना कार्यन्वयन गर्ने निर्देशिका तयारपारी लागु गरिनेछ । | **सख्या** | १ | १ | | | | | | |
| २ | सुरक्षित मुहान तथा जलाधार संरक्षण गरिएको खानेपानी योजना | **सख्या** | १४० | १५ | २५ | २५ | २५ | २५ | २५ | |
| ३ | मूहान संरक्षण तथा पुनर्भरण गरीएका खापा आयोजना | **सख्या** | ४० | ४ | ९ | ९ | ९ | ९ | ९ | |
| ४ | DRR/CCA लाई सबै तहमा समावेस गरी निर्माण तथा मर्मत गरीएका खापा आयोजना | **सख्या** | १४० | २० | २५ | २५ | २५ | २५ | २० | |
| ५ | आपतकालीन खानेपानी र सरसफाइ सम्बन्धी योजना निर्माण भई पूर्व तयारी संयन्त्र भएका वडा संख्या | **सख्या** | ९ | २ | २ | २ | २ | १ | | |

## ६.५.४ जलवायु परिवर्तन तथा जोखीम न्यूनीकरणको कार्ययोजना तथा क्रियाकलाप

